मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव शनिबार ४ पृष्ठको वैभव
- योग र ध्यान
- सङ्गीता राई - रैथाने उत्पादनबाटै मनग्य आम्दानी
- अचुतकुमार ओझा - लगानीकर्ताले कसरी लिने कानुनी लाभ
- अफरोज अर्पण - इजरायल–प्यालेस्टाइन युद्धविरामः सहज होला गाजाको जनजीवन

वर्ष ३ | अंक ६९ | २०८१ साल माघ ०५ गते शनिबार | Saturday 18, January 2025 | सूर्योदयः बिहान ६:५६ बजे | सूर्यास्तः साँझ ५:३५ बजे | पृष्ठ ४+४ | मूल्य रु. ५/-

# पर्सा मालपोत अधिकृत निरौलाको सरुवा

**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला मालपोत कार्यालय पर्साको प्रमुख अधिकृतमा अशोक भट्टराई आउने भएका छन् । प्रमुख मालपोत अधिकृतका रुपमा कार्यरत विवादास्पद पात्र डमरु निरौलाको मन्त्रालयमा सरुवा भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निरौलालाई मन्त्रालयमा राखेर भट्टराई पर्सामा पठाउन लागेको हो । भट्टराई २०७० सालतिर तत्कालीन जिल्ला विकास समिति पर्सामा योजना प्रमुखका रुपमा काम गरिसकेका अधिकृत हुन् । भट्टराईसहित ३४ जना २०८० माघ १० गते उपसचिवमा बढुवा सिफारिस भएका थिए । निरौलालाई माघ २ गते नै मन्त्रालय बोलाइएको हो ।


तस्बिरः सरुवा भएका प्रमुख अधिकृत डमरु निरौला

### कस्ता थिए डमरु निरौला ?

जिल्ला मालपोत कार्यालय पर्सा अनियमितता र भ्रष्टाचारको अखडाका रुपमा विकास हुँदै गएको भनेर जनगुनासो आएपछि भदौ १८ गते मंगलबार रेडियो वीरगंज, टिभी वीरगंज तथा मधेशदृष्टि राष्ट्रिय दैनिकले स्टिङ अप्रेसन गरेको थियो । मिडिया हाउसका कार्यकारी अध्यक्ष ध्रुव साहको नेतृत्वमा रहेको टोलीले स्टिङ अप्रेशन गर्दा कार्यालय प्रमुख डमरु निरौला पौने १२ बजेसम्म गायब रहेको र टोलीले मालपोत कार्यालयबाट टिभी र रेडियोमा लाइभ गरेसँगै उनी हस्याङफस्याङ गर्दै कार्यालय आइपुगेका थिए । कार्यालय प्रमुख तथा मालपोतका कर्मचारीले पैसा नलिई कुनै पनि फाइल अगाडि नबढाउने जनगुनासो आएसँगै मिडिया हाउसको टोली मालपोत कार्यालयमा स्थलगत रिपोर्टिङका लागि पुगेको थियो ।

मालपोतमा भइरहेको गतिविधिको प्रत्यक्ष प्रसारण हुँदा सैयौँ सेवाग्राही तथा हप्तौँदेखि काम नभएर मालपोतमा धाउन बाध्य भएका सर्वसाधारणले कार्यालय प्रमुख डमरु निरौला तथा कर्मचारीको विरोधमा नाराबाजीसमेत गरेका थिए । बिना पैसा एउटा पनि काम नगर्ने मालपोतका कर्मचारीको शैलीप्रति आक्रोशित सेवाग्राहीले कर्मचारी समयमा नआउने गरेको, पैसा नलिई काम नहुने गरेको, पैसा नदिने सेवाग्राहीलाई भोलि– पर्सि गरेर धेरै दुःख दिने गरेको गुनासो गरेका थिए ।

## संसदमै सुरक्षा माग



भदौ २४ गते सोमबार आमजनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले मालपोत कार्यालय पर्साको बेथितिबारे सरकारको ध्यानाकर्षण गराएका थिए । शून्य समयमा बोल्दै आजपा अध्यक्ष साहले केहीदिन पहिले मालपोत कार्यालय वीरगंजमा टिभी वीरगंजले गरेको स्टिङ अपरेसनबारे चर्चा गरेका थिए । उनले मधेश प्रदेशमा स्थापित टिभी वीरगंजले जनताले मालपोतमा भोगिरहेका समस्याबारे कार्यक्रम प्रसारण गर्दा केही व्यक्तिले टिभीको युट्युबमा अपलोड गरिएको कार्यक्रमको भिडियो हटाउन दबाब दिइरहेको र मधेशमा जनमुखी पत्रकारिता गर्दा बदमासहरुकै स्वर ठूलो हुनु चिन्ताको विषय भएको बताए । उनले मालपोत कार्यालयमा बिनापैसा कामै नहुने जनताको समस्या उठाउँदा जनताको मुद्दा उठाउने एउटा सञ्चारमाध्यमलाई कुनै पनि दबाब दिन नहुने बताए ।

'पर्सा मालपोत कार्यालयका प्रमुख डमरु निरौला समयमा कार्यालय नपुग्दा सेवाग्राही मारमा पर्ने गरेको कुरा उठाउनै हुँदैन, भ्रष्टाचारबारे केही बोल्नै हुँदैन ?,' सांसद साहले भनेका थिए, 'केहीदिन पहिले टिभी वीरगंजले मालपोत कार्यालय पर्सा पुगेर त्यहाँ आउने सेवाग्राहीको समस्या प्रसारण गरेको हो, कार्यालयका प्रमुख समयमा नआउने, कर्मचारीहरुले बिनापैसा कामै नगर्ने जस्ता समस्या सेवाग्राहीले सुनाएका हुन् तर टिभी वीरगंजमाथि अनावश्यक दबाब दिने काम भइरहेको छ, यो गलत हो ।'

## भूमिमन्त्रीको ध्यानाकर्षण



नेकपा एमाले पर्साबाट गएको टोलीले भदौ २५ गते पर्सा मालपोतमा मंगलबार बढ्दो भ्रष्टाचार, अनियमिततासम्बन्धमा भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारीसँग भेट गरी ध्यानाकर्षण गराएको थियो । टोलीले मालपोत कार्यालय पर्सामा दरबन्दीअनुसार कर्मचारी नहुनु, कार्यालय प्रमुखले कार्यालयमा सेवाग्राहीको सेवा सुलभ र सरल नगर्नु, कार्यालय प्रमुख आफैँ कार्यालयमा नबस्ने, मुद्दाको छिनोफानो नगर्ने, घुसखोरीलाई नियन्त्रण गर्न नसकेको, कार्यालय भवन जीर्ण भएर भत्किदै गइरहेको लगायत समस्याको अवगत गराइएको नेकपा एमाले पर्साका सचिव महेश दासले बताएका थिए । उत्पन्न समस्या समाधानका लागि मन्त्री अधिकारीले तत्काल पहल गर्ने बताउँदै कार्यालय प्रमुखलाई चाँडै सरुवा गर्ने तथा वीरगंज आएर स्थलगत अनुगमन गर्ने बताएको नेता साहले बताए । भेटमा नेकपा एमालेका केन्द्रीय सदस्य प्रभु हजारा, निर्मला देवकोटा, पर्सा जिल्ला अध्यक्ष डा. विशम्भर कुमार शर्मा र सचिव महेश दास सहभागी थिए ।

मालपोतका कर्मचारी रामरेखा चौरसिया, साहेब साह गोढलगायतले बिना पैसा नामसारी, दाखा र हालसाबिक गर्न नमान्ने गरेको सेवाग्राहीको गुनासो थियो । मालपोत कार्यालयमा लामो समयसम्म बसेर राजेश्वर साह तेली सरुवा भए पनि उनका दलालहरुले मालपोतमा अड्डा जमाएको गुनासो सेवाग्राहीले गरेका थिए । सरकारी सेवामा रहेर विभिन्न बहानामा सर्वसाधारणलाई लुट्ने कर्मचारीलाई तत्काल कारबाही हुनुपर्ने माग सेवाग्राहीको छ ।

मालपोतमा हुने गरेको अनियमिततासँगै कार्यालय प्रमुखलगायत कर्मचारी समयमा नआउँदा सेवाग्राहीले सास्ती भोग्दै आएकाबारे मंगलबार दिउँसो पौने १२ बजे आएका प्रमुख निरौलाले आउन ढिलो भएको स्वीकार गर्दै आइन्दा ढिलो नगर्ने र समयमै कार्यालयमा उपस्थित हुने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## पुरानो मितिमा हुन्थ्यो कित्ताकाट

*पर्सा मालपोतमा कतिसम्म बदमासी हुन्थ्यो भन्ने उदाहरण हामीले भदौ २६ गते नै मधेशदृष्टिमा प्रकाशन गरेका थियौँ । पर्साकै छिपहरमाई गाउँपालिकाकी उपाध्यक्ष लिलावती देवी कानुले आफ्नो क्षेत्राधिकार मिचेर घरबाटो सिफारिस गरेको वडाध्यक्षहरुले गुनासो गरेका थिए । गाउँपालिकाको वडा नम्बर २ का वडाध्यक्ष महेन्द्र साह कलवारले आफ्नो वडाको दुई जना नाबालिगका नाममा रहेको करिब ५ कठ्ठा जग्गा संरक्षक रहेकी उनीहरुको आमा रेन्जु देवीले बदनियत राखेर बेच्न खोजेको बुझेर आफूले सिफारिस नगर्दा गाउँपालिकाकी उपाध्यक्षले आफ्नो क्षेत्राधिकार मिचेर सिफारिस गरिदिएको बताए । वडाध्यक्ष कलवारका अनुसार, घरबाटो सिफारिस भएपछि मालपोत कार्यालय, पर्साबाट कित्ताकाट रोकिएको समयमा पुरानो मिति राखेर कित्ताकाट गरी जग्गा पास गरिएको थियो । 'कित्ताकाट खुलेको बेला साउन २१ गतेको मिति राखेर भदौ २४ गते नै कित्ताकाट गरिएको र सोही दिन नै जग्गा पास गरिएको छ,' उनले भने, 'नाबालिगका नाममा रहेको जग्गा बेच्न उहाँहरुले हतार गर्नुभयो ।' उनले आफू मालपोतमा गएर बुझ्दा त्यहाँका कर्मचारीले जबाफ दिनबाट पन्छिएको र आफूहरुबाट गल्ती भएको स्वीकार गरेको उनको भनाइ छ । 'कित्ताकाट र रजिस्टे«सनमा सही गर्ने कर्मचारीहरुले वडाध्यक्षको क्षेत्र अधिकारबारे बुझेर पनि सेटिङमा यस्तो गरेका छन्,' उनले भने, 'वडाको अध्यक्ष छु, गाउँसमाजमा के भइरहेको छ, त्यो मलाई थाहा छ तर कसैको प्रभावमा परेर नाबालिगहरुको जग्गा बेच्नु उचित होइन । उहाँहरुले गलत नियत राखेर काम गर्नुभएको छ ।'*

## ६ प्रमुख दोषी ठहर

पर्सा मालपोतमा करोडौँको भ्रष्टाचार गरेको आरोपमा अख्तियारबाट तत्कालीन ६ जना प्रमुख मालपोत अधिकृतसहित एक दर्जन भन्दाबढी कर्मचारी दोषी ठहर भई कैद सजाय तोकिएको अवस्थामा पनि अझै अनियमितता र भ्रष्टाचार नियन्त्रण नभएको जनगुनासो आइरहेको छ ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

# नागरिकका विवरण दुरुपयोग हुन नदिइने प्रतिबद्धता

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले सुशासन प्रवद्र्धन, सहज ढङ्गले सेवा प्रवाह र अपराध नियन्त्रणका लागि राष्ट्रिय परिचयपत्र अपरिहार्य भएको बताएका छन् ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा राष्ट्रिय परिचयपत्रका सम्बन्धमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै उनले सम्पत्ति शुद्धीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्न पनि राष्ट्रिय परिचयपत्र अनिवार्य भएको बताए ।

राष्ट्रिय परिचयपत्रमा समावेश गरिएका नागरिकका जैविक तथा व्यक्तिगत विवरणको सुरक्षाप्रति सरकार संवेदनशील रहेको दोहोऱ्याउँदै गृहमन्त्री लेखकले ती विवरणको सुरक्षाका गरिने प्रतिबद्धता व्यक्त गरे ।

‘नागरिकको व्यक्तिगत विवरण राज्यसँग हुनुपर्छ, तर त्यसको दुरुपयोग हुन दिँदैनौँ,’ उनले भने, ‘डेटा सुरक्षामा सरकारले ध्यान दिन्छ ।’

गहन अध्ययन गरेर राज्यका नीतिका रुपमा अघि सारिएको राष्ट्रिय परिचयपत्रको कार्यान्वयन अनिवार्य भएको जनाउँदै गृहमन्त्रीले ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका तथा अशक्त व्यक्तिका हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नगरिएको स्पष्ट पारे । उनले राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन, प्रशोधन र छपाईसम्बन्धी कार्य तथा तथ्याङ्कको सुरक्षा र भण्डारणको अवलोकन गरी आमनागरिकलाई यसप्रति आश्वस्त पार्ने भूमिका निर्वाह गर्न सांसदहरुलाई आग्रह गरे ।

गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले राष्ट्रिय परिचयपत्र लागू गर्ने सन्दर्भमा भएका गतिविधिबारे जानकारी दिएका थिए ।

**परिचयपत्रका विवरण सुरक्षामा सांसदको चासो**

छलफलमा सांसदहरुले राष्ट्रिय परिचयपत्र प्रणालीमा राखिएका नागरिकको जैविक र व्यक्तिगत विवरणको सुरक्षा सम्बन्धमा चासो राखेका थिए । सांसद हृदयराम थानीले यो प्रणालीमा रहेका नागरिकका व्यक्तिगत विवरणको सुरक्षामा संवेदशील हुनुपर्ने बताए ।

सांसद सरिता प्रसाईंले राष्ट्रिय परिचयपत्रका तथ्याङ्कको सुरक्षाका सम्बन्धमा राज्यले नागरिकलाई आश्वस्त पार्नुपर्नेमा जोड दिइन् । समितिका अर्का सदस्य कृष्णगोपाल श्रेष्ठले राष्ट्रिय परिचपयपत्रको आवश्यकता र महत्वबारे सरकारले नागरिकलाई बुझाउनुपर्ने बताए ।

समितिका सभापति रामहरि खतिवडाले राष्ट्रिय परियचपत्रसम्बन्धी नागरिकका विवरणको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह गर्दै यसको कार्यान्वयनका क्रममा उत्पन्न जटिलतालाई सरलीकृत गर्नुपर्छ भने । रासस

# विद्युत् उत्पादनमा लक्ष्यका लागि ६२ खर्ब जरुरी

**काठमाडौँ ।**
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न ६२ खर्ब रुपैयाँ लगानी आवश्यक पर्ने बताएका छन् । इप्पानको शुक्रबार आयोजित रजत जयन्ती समारोहमा उनले विद्युत् उत्पादनको लक्ष्य प्राप्त गर्न ६२ खर्ब रुपैयाँ लगानी आवश्यक पर्नेमा ४० खर्ब रुपैयाँ स्वदेशमा रहने प्रक्षेपण गरिएको जानकारी दिए ।




ऊर्जा क्षेत्रबाट वार्षिक सात लाख रोजगारी सृजना हुने जनाउँदै कार्कीले यसले मुलुकको अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राखे । उनका अनुसार नेपालको कुल विद्युत् उत्पादन क्षमता तीन हजार पाँच सय मेगावाट पुग्दा निजी क्षेत्रबाट मात्रै २५ वर्षको अवधिमा दुई हजार सात सय ४० मेगावाट विद्युत् उत्पादन भइसकेको छ ।

कार्यक्रममा दिइएको जानकारी अनुसार कुल उत्पादनमा निजी क्षेत्रको योगदान करिब ८० प्रतिशतभन्दा बढी रहेको छ । चार हजार मेगावाट क्षमताका आयोजना निर्माणाधीन रहँदा चार हजार तीन सय मेगावाट क्षमताका आयोजना खरिद बिक्री सम्झौता (पिपिए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा छन् भने १२ हजार नौ सय ६५ मेगावाट क्षमताका आयोजना अध्ययन सकेर पिपीएको पर्खाइमा रहेका इपपानले जनाएको छ । यीमध्ये पनि ८० प्रतिशतभन्दा बढी आयोजना निजी क्षेत्रले विकास गरिरहेका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको ‘ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१’ ले २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने र मार्गचित्रमा १३ हजार पाँच सय मेगावाट विद्युत् नेपाल खपत गर्ने लक्ष्य राखिएको अध्यक्ष कार्कीले जानकारी दिए । त्यसबाहेक बढी भएको विद्युत् मात्र छिमेकी मुलुकमा निर्यात गर्ने लक्ष्य लिइएको उनले बताए ।

**विपन्नलाई ऊर्जा विकासमार्फत समृद्धिको यात्रामा जोडिने**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले गरिब तथा विपन्न वर्गलाई ऊर्जाको विकासमार्फत समृद्धिको यात्रामा जोड्ने गरी सरकारले काम गरिरहेको बताभएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) नेपालको २५औँ रजतजयन्ती उद्घाटन सत्रमा उनले जलविद्युत् केन्द्रको शेयर बिनाधितो प्रभावित क्षेत्रका गरिब तथा विपन्न वर्गलाई दिने प्रबन्ध मिलाउन लागिएको बताए ।

‘अहिले हुनेखाने वर्गले मात्र जलविद्युत् केन्द्रमा शेयर हालिरहेको अवस्था छ, सरकारले प्रभावित क्षेत्रका विपन्न वर्गलाई लक्षित गरी बिनाधितो शेयरको व्यवस्था गर्न लागेको छ,’ मन्त्री खड्काले भने । उत्पादित विद्युत्को बजार सुनिश्चित रहेकाले ऊर्जा क्षेत्रमा ढुक्क भएर लगानी गर्न निजी क्षेत्रलाई उनले आग्रह गरे । मन्त्री खड्काले पहिले जलविद्युत् क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणमा धेरै समय लाग्ने गरे पनि हाल अधिकांश जलविद्युत् केन्द्रमा मोटरबाटोको पहुँच पुगेकाले काम गर्न थप सहज भएको बताए ।

उनले हालैको मन्त्रिपरिषद् बैठकले ऊर्जा विकास मार्गचित्र २०८१ पारित गरिसकेकाले यो मार्गचित्र कार्यान्वयनका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण भएको उल्लेख गरे । ‘सरकारले निजी क्षेत्रका समस्या राम्रोसँग बुझेको छ । ऊर्जा उत्पादनका क्रममा देखिएका नीतिगत समस्या समाधान गर्दै सरकार अगाडि बढ्छ । यसअघि ऊर्जा उत्पादनको जिम्मामात्र निजी क्षेत्रलाई दिए पनि हाल प्रसारण लाइनसमेत निजी क्षेत्रले बनाउन पाउने व्यवस्था गरिएको छ । यसको लाभ लिन निजी क्षेत्रलाई आग्रह गर्दछु,’ उनले भने । रासस

# राप्ती र नारायणीमा तीन सय बाउन्न घडियाल



**चितवन ।**
राप्ती र नारायणी नदीमा तीन सय ५२ वटा घडियाल गोही भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्जले हालै गरेको गणना तथा अनुगमनका क्रममा राप्ती नदीमा दुई सय छ र नारायणी नदीमा एक सय ४६ वटा गोही भेटिएका हुन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले पुस १२ गतेदेखि १४ दिन लगाएर गरिएको गणनामा सो संख्यामा गोही भेटिएका बताए । गणनामा निकुञ्जका नौ कर्मचारी र माझीहरू सहभागी भएका थिए । गत वर्ष गरिएको सर्वेक्षणमा राप्तीमा एक सय ५२ र नारायणीमा एक सय १३ वटा गोही भेटिएका थिए । त्यसबेला राप्ती र नारायणीमा तीन–तीनवटा भाले भेटिएकामा यस वर्ष राप्तीमा दुई र नारायणीमा तीन गरी पाँचवटा भाले भेटिएका छन् ।

यस वर्ष एउटा भाले नभेटिए पनि समग्रमा संख्या भने बढेको छ । गणना हुनुअघि राप्तीमा ४१ वटा गोही छोडिएकाले पनि संख्या बढेको सूचना अधिकारी थापामगरले बताए । निकुञ्जले गत पुस महिनामा राप्तीमा थप २० वटा गोही छोडेको थियो । गत आर्थिक वर्षमा एक सय पाँच वटा गोही प्राकृतिक बासस्थानमा छाडिएकामा चालु आवमा थप ४० वटा गोही छोड्ने योजना रहेको छ । यहाँ नदी किनारबाट गोहीका अण्डा सङ्कलन गरेर प्रजनन केन्द्रमा कोरलेर बच्चा हुर्किएपछि नदीमा छोड्ने गरिन्छ । हालसम्म राप्ती, नारायणीसहित देशका विभिन्न नदीमा दुई हजार १८ गोही छाडिसकिएका छन् । हाल प्रजनन केन्द्रमा सात सय ३९ गोही रहेका छन् । घडियाल गोही सङ्कटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बङ्गलादेश, भूटान, म्यान्मालगायत देशहरूमा समेत पाइने घडियाल हाल नेपाल र भारतमा मात्रै पाइन्छन् । सन् १९४० को दशकमा यसको संख्या विश्वमा १० हजार जति रहेको पाइन्छ । सन् १९७० मा त्यसको दुई प्रतिशत मात्रै संख्या अस्तित्वमा रहेको पाइएपछि संरक्षणमा चासो बढ्दै गएको संरक्षणकर्मी बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सन् १९७५ मा कसरामा घडियाल प्रजनन केन्द्र स्थापना गरिएको थियो । त्यसबेला देशभर एक सयभन्दा कम संख्यामा घडियाल गोही रहेको अनुमान गरिएको थियो । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, माछा मार्नेलगायत कारणले गोहीका प्राकृतिक बासस्थानमा क्षति भइरहेको सूचना अधिकारी थापामगरले बताए । साथै बाढी आउँदासमेत गोही बगेर जाने गरेका छन् । रासस

# विश्वविद्यालयको कुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्न सुझाव

**काठमाडौँ ।**
विश्वविद्यालयको कुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्न सांसदहरुले सुझाव दिएका छन् । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा शुक्रबार भएको छलफलका क्रममा उनीहरुले यस्तो सुझाव दिएका हुन् ।

समितिमा ‘शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि संशोधनकर्ता’सँग भएको छलफलमा सांसदहरुले संशोधन प्रस्ताव पेस गरे । संशोधनकर्ता सांसद माधव सापकोटाले विश्वविद्यालयको कुलपति र सहकुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्दा उपयुक्त हुनुपर्ने धारणा राखे । विधेयकको दफा २१ मा विश्वविद्यालयको कुलपतिमा प्रधानमन्त्री तथा दफा २२ मा सहकुलपतिमा शिक्षामन्त्री चयन हुने उल्लेख छ । सांसद सापकोटाले भने, ‘कुलपति र सहकुलपति प्राज्ञिक व्यक्तिलाई चयन गर्नु बढी प्रभावकारी हुन्छ । विदेशमा प्राज्ञिक व्यक्तिले नेतृत्व गरेका विश्वविद्यालयले सफलता हासिल गरेका छन् ।’ उनले प्रधानमन्त्री र शिक्षामन्त्रीलाई विश्वविद्यालयको संरक्षक राख्नुपर्नेमा सुझाव दिए ।

सांसद सापकोटाले विधेयकको दफा ४७ मा सिट संख्या निर्धारण र विद्यार्थी भर्ना सम्बन्धी संशोधन माग गर्दै शहीद परिवार, बेपत्ता पारिएका, जनयुद्ध, जनआन्दोलन तथा विभिन्न आन्दोलनका घाइते तथा अपाङ्ग, पछाडि परेकालाई निश्चित कोटाको व्यवस्था गरी छात्रवृत्ति दिनुपर्ने विषय समावेश गर्नुपर्ने बताए ।

सांसद नारायणी शर्माले विधेयकको दफा २१ मै संशोधनको आवश्यकता रहेको भन्दै प्रधानमन्त्रीलाई संरक्षकका रुपमा राखिनुपर्ने बताइन् । उनले भनिन्, ‘प्रधानमन्त्री देशको अभिभावक हो । उनले विश्वविद्यालयलाई समय त्यति दिन सक्नुहुन्न । त्यसैले कुलपति होइन संरक्षकका रुपमा राख्न उपयुक्त हुन्छ । विधेयक स्वागत योग्य छ ।’

त्यसैगरी संशोधनकर्ता सांसद चन्द्रबहादुर विश्वकर्माले दफा ७ (सभाको गठन), १० (प्राज्ञिक परिषद्को गठन), १२ (कार्यकारी परिषद्को गठन) र १४ (विद्या परिषद) मा संशोधनको आवश्यकता रहेको बताए । उनले भने, ‘संविधानको मर्मलाई विधेयकले सम्बोधन गरेको छैन । संविधानमा आर्थिक, सामाजिक र शैक्षिक रुपले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराइने भनेर स्पष्ट पारेको छ । त्यसैले यी दफाहरुमा संशोधनको आवश्यकता देखिन्छ ।’ सांसद दुर्गा राईले विश्वविद्यालयको कुलपतिमा प्रधानमन्त्रीलाई चयन गर्नुभन्दा शिक्षा तथा स्वास्थ्यसम्बन्धी विज्ञ राख्नुपर्ने सुझाव दिइन् । आगामी बैठकमा विधेयकमाथि दफावार छलफल हुने समितिले जनाएको छ । रासस

# दुग्ध विकास संस्थानले तिऱ्यो ३१ वर्षको सम्पत्ति कर

**काठमाडौँ ।**
दुग्ध विकास संस्थानले काठमाडौँ महानगरपालिकालाई ३१ वर्षको सम्पत्ति कर एकैपटक तिरेको छ । पुस २८ गतेको मूल्याङ्कनबमोजिम संस्थानले एक करोड दुई लाख ८७ हजार नौ सय २६ रुपैयाँ सम्पत्ति कर महानगरलाई तिरेको हो । महानगर–२६ सचिव केदार रिमालका अनुसार संस्थानले आर्थिक वर्ष २०४९–५० देखि आव २०८१–८२ सम्मको घरजग्गा–सम्पत्ति कर बुझाएको हो । संस्थानसहित सरकारका स्वामित्वमा भएका १२ वटा व्यावसायिक सङ्घसंस्थालाई कर दाखिला गर्न महानगरको राजस्व विभागले यसअघिनै पत्राचार गरिसकेको छ । महानगरले जारी गरेको राजस्व ऐन, २०७५ तथा आर्थिक ऐनले सम्पत्ति करको दररेट तथा सङ्कलन प्रक्रियाबारे व्यवस्था गर्दै आएको छ । जसअनुसार नक्सापास भएको दुई वर्षलाई निर्माण अवधि मानेर त्यसपछिको अवधिदेखि घरजग्गा–सम्पत्ति कर गणना हुने व्यवस्था रहेको राजस्व विभागका प्रमुख दीपक अधिकारीले जानकारी दिए ।

प्रमुख अधिकारीले भने, ‘पत्राचारपछि करदाताहरु सम्पर्कमा आउने क्रम सुरु भएको छ । यो सकारात्मक पक्ष हो । आर्थिक ऐनले गरेको बक्यौता कर असुलीसम्बन्धी व्यवस्थाबमोजिम राजस्व असुल गरिनेछ ।’ ऐनबमोजिम कर दाखिला नगर्ने करदातालाई राजस्व विभाग वा वडा कार्यालयले पहिलो पटक ३५ दिनको समय तोकी पत्र, इमेल, वा म्यासेजमार्फत जानकारी गराउने उनको भनाइ छ । समय अपुग भएर थप समय माग गरेमा राजस्व विभागका प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा १० दिनसम्म अवधि थप गर्नसक्ने व्यवस्था रहेको जनाइएको छ । रासस

# नेपाल–भारत सीमास्तम्भ मर्मत शुरु

**कैलाली ।**
कैलालीमा नेपाल भारत सीमामा रहेका सीमास्तम्भ मर्मत तथा रङरोगन शुरु भएको छ । बिहीबार कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालको उपस्थितिमा नेपाल र भारतका सुरक्षा निकायको सहभागितामा सीमास्तम्भ मर्मत शुरु गरिएको हो । टीकापुर–८ स्थित खक्रौलामा रहेको ७३–२ सीमास्तम्भमा रङरोगन गरी मर्मत शुरु गरिएको छ ।



टीकापुर नगरपालिका क्षेत्रमा रहेका सातवटा मुख्य स्तम्भमध्ये ७००, ७०५, ७०७ नम्बरका मात्रै रहेका र अन्य मुख्य र सहायक स्तम्भ कर्णाली र मोहना नदीले बगाएको अवस्था छ । ७०४ सीमास्तम्भ जोखिममा रहेकाले त्यसलाई जोगाउनुपर्ने स्थानीयले माग गर्दै आएका छन् । टीकापुर नगरपालिकाभित्र मुख्य सात वटा सीमास्तम्भ र अन्य सहायक स्तम्भ रहेका छन् ।

मर्मत शुरु हुनुअघि कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले सीमास्तम्भ दुरुस्त राख्न दुवै देशको दायित्व भएकाले रङरोगन र मर्मत गर्न लागिएको बताए । ‘दुई देशबीचको साझा मूल्य र मान्यतालाई कायम राख्दै सुरक्षा निकायका बीचमा समन्वयकारी भूमिका निर्वाह गरेका छौँ,’ उनले भने, ‘खुला सिमानाका कारण भन्सार चोरी हुने, नेपालमा अपराध गरी भारतमा लुक्ने र भारतमा अपराध गरी नेपालमा लुक्ने प्रवृत्ति रहेकाले यसरी सिमानामा देखिने आपराधिक घटनामा दुवैतर्फका सुरक्षा निकायले एकअर्कालाई सघाउनुपर्ने आवश्यकता छ ।’

प्रमुख जिल्ला अधिकारी हमालले नेपाल र भारतबीच खुला सिमाना भएकाले चोरी निकासीका साथै लागुऔषध दुव्र्यसनीको समस्या विकराल बन्दै गएकाले यसलाई नियन्त्रण गर्न दुवैतर्फका सुरक्षा निकायले चासो दिनुपर्ने बताए ।

नेपालका तर्फबाट सशस्त्र प्रहरी बल र भारतका तर्फबाट सीमा सुरक्षा बल (एसएसबी)ले सीमाको सुरक्षा गरिरहेको छ । जोर नम्बरका सीमास्तम्भलाई भारतले र बिजोर नम्बरका सीमास्तम्भ नेपालले मर्मतसम्भार गर्नुपर्ने सम्झौताअनुरुप विजोर नम्बर स्तम्भको रङरोगन तथा मर्मतसम्भार गर्न लागिएको हो । कैलालीमा एक सय एक सीमास्तम्भ रङरोगन तथा मर्मतसम्भार गरिने बताइएको छ ।

सीमास्तम्भ रङरोगन तथा मर्मतसम्भार कार्यमा भारतका तर्फबाट सीमा सुरक्षा बल (एसएसबी) प्रमुख रेक्जिन एन चोक, नेपालका सशस्त्र प्रहरी बल कैलाली प्रमुख दलबहादुर पाण्डे, जिल्ला प्रहरी कार्यालय कैलालीका प्रमुख पदमबहादुर विष्ट, इलाका प्रशासन कार्यालय टीकापुरका कृष्ण थापा, सशस्त्र प्रहरी बल टीकापुरका प्रमुख पूर्णबहादुर चन्द, टीकापुर नगरपालिकाका कार्यबाहक नगरप्रमुख लालविर चौधरी, वडा नम्बर ८ का वडाध्यक्ष दीर्घबहादुर ठकुल्ला, वडा नम्बर ९ का वडाध्यक्ष लौटन चौधरीलगायतको उपस्थिति थियो । कर्णाली र मोहना नदी कटानले बस्ती कटान गर्दै गएको अवस्था छ । नदीले धार परिवर्तन गरेका कारण यहाँ सीमामा रहेका मुख्य र सहायक स्तम्भ केही नदीमा मिसिएको अवस्था छ । रासस

# योग र ध्यान



नेपालमा माघ १ गते १० औँ राष्ट्रिय योग दिवस मनाइयो । यद्यपि अन्तर्राष्ट्रिय योग दिवस भने जुन २१ मा मनाइन्छ। सन् २०१५ देखि प्रत्येक वर्ष २१ जुनलाई अन्तर्राष्ट्रिय योग दिवस घोषणा गरी अधिकांश सदस्य राष्ट्रले मनाउँदै आएका छन् । नेपालले भने माघ १ गतेलाई राष्ट्रिय योग दिवसका रूपमा मनाउन थालेको हो। नेपालमा विगत १० वर्षदेखि मात्रै योग दिवस मनाउन थालिएको हो।

योगले व्यक्तिगत र सामूहिक स्वास्थ्यका लागि विश्वव्यापी महत्त्व प्राप्त गरिसकेको छ तर, नेपालले भने यसको व्यावसायिक लाभ लिन सकिरहेको छैन । नेपालबाटै सिकेर पछि नेपालीलाई नै सिकाएर नेपालबाटै आम्दानी गर्ने कैयन विदेशीहरू अहिले अन्तर्राष्ट्रिय गुरु बनिरहेको अवस्था छ । नेपाल नै हो योगको उत्पत्ति स्थल योगको उत्पत्ति नेपालबाट भएको ऐतिहासिक मान्यता छ । नेपाललाई प्राचीनकालदेखि नै हिमवत्खण्डका रूपमा चिनिन्छ, जहाँ शिव–पार्वतीले योगको साधना र शिक्षाको आरम्भ गरे। शिवलाई ‘आदिनाथ’ वा ‘योगका आदि गुरु’ पनि मानिन्छ । सप्तऋषिहरूले शिवबाट योग शिक्षा ग्रहण गरेको मान्यता छ । पछि तिनै ऋषिहरुले योगलाई विस्तार गरेको बताइन्छ।

नेपालको हिमवत्खण्ड क्षेत्रमा तपस्या गर्ने ऋषि–मुनिहरूले हजारौँ वर्षसम्म योगको अभ्यास र अनुसन्धान गरे। खास गरी अगस्त्य ऋषिले योग शिक्षालाई नेपालबाट भारततर्फ विस्तार गरे। यस आधारमा नेपाललाई योगको पहिलो प्रादुर्भाव स्थल मानिन्छ । दक्षिणपूर्वी एसियामा बौद्ध र हिन्दू साधकहरूले योगका सिद्धान्त फैलाएको पाइन्छ। १९औँ शताब्दीमा स्वामी विवेकानन्द जस्ता व्यक्तित्वहरूले योगलाई अमेरिका र युरोपमा प्रवर्द्धन गरेका थिए। संयुक्त राष्ट्रसंघले सन् २०१४ जुन २१ को दिन अन्तर्राष्ट्रिय योग दिवस घोषणा गरेपछि यो विश्वभर विस्तार भई लोकप्रिय बनिरहेको छ।



धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधता भएको नेपालका लागि योग र ध्यान केवल स्वास्थ्य विधि मात्र होइन, समृद्धि र शान्तिका लागि एक सुनौलो अवसर पनि हो। विश्वको नम्बर वान पत्रिका न्यूयोर्क टाइम्सले विश्वभरका सबैभन्दा राम्रा घुम्ने गन्तव्यको नवौँ नम्बरमा नेपालको लुम्बिनीलाई पनि समावेश गरेको छ। यो लुम्बिनीबासीका लागि मात्रै नभई सारा नेपालीका लागि एउटा सकारात्मक सन्देश हो। यो अवसरलाई सदुपयोग गर्नुपर्ने छ बुद्ध जन्मस्थल लुम्बिनीलाई बनाउन सकिन्छ विश्वको ध्यान केन्द्र लुम्बिनी यस्तो ठाउँ हो जसलाई शान्तिको विश्वव्यापी केन्द्र मानिन्छ। यहाँ अन्तर्राष्ट्रिय ध्यान केन्द्र तथा सभा हलको समेत निर्माण भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको सुरुको कार्यकालमा गरिएको एउटा संकल्प स्वरूप एउटा भव्य र व्यवस्थित संरचनासहितको ध्यान केन्द्र निर्माण भएको हो । यहीँ ध्यान केन्द्रमा बुद्ध जयन्तीका समारोह मनाइँदै आएको छ । अब यहीँ केन्द्रमा विश्वभरबाट बौद्ध अनुयायीमध्येका केहीलाई मात्रै भए पनि ल्याएर ध्यान गर्न सक्ने बनाउने हो भने समृद्धिको आधार साकार बन्ने निश्चित छ।

नेपालको पर्यटकीय पहिचान सगरमाथा, गौतम बुद्ध र यहाँको सांस्कृतिक सम्पदासँगै योग र ध्यानलाई पनि जोड्न सकिन्छ। ध्यान र योगका लागि उपयुक्त संरचना विकास गर्दै अन्तर्राष्ट्रिय योग प्रशिक्षक उत्पादनमा जोड दिनुपर्ने योगका प्रशिक्षकहरू बताउँछन् । व्याप्त निराशालाई कम गर्ने माध्यम हो योग अहिलेको परिवेशमा समाजमा अभाव, बेरोजगारी, महँगीले धेरैजसो घरपरिवारमा समस्या निम्त्याएको छ । मानसिक स्वास्थ्यमा समस्या बढिरहेको छ । मानसिक स्वास्थ्यको समस्या भएकाहरुको ठूलो हिस्सालाई तत्कालै उपचार गर्नुपर्ने मानसिक रोग विशेषज्ञहरूको हालैको अध्ययनले औँल्याएको पनि छ।

युवाहरूमा व्याप्त नैराश्य, तनाव र मानसिक विक्षिप्तताका समस्या समाधान गर्न योग र ध्यान प्रभावकारी साधन हुन् । यसले मानिसलाई शारीरिक र मानसिक स्वास्थ्य प्रदान गर्दै, आपसी द्वन्द्व र नकारात्मकता कम गरी शान्तिपूर्ण र समावेशी समाज निर्माणमा सहयोग पु¥याउँने योग गुरु ऋषिराम न्यौपानेको दाबी छ । सैनामैनाको मुर्गियाका बासिन्दा न्यौपाने हाल योगका अन्तर्राष्ट्रिय गुरु बनेका छन् । उनले नेपालकै अतिरिक्त विभिन्न मुलुकमा पुगेर योग र ध्यान सिकाइरहेका छन्। न्यौपानेले विगत १५ वर्षदेखि योग सिकाउँदै आएका छन् । विगत १० वर्षदेखि विदेशमा समेत गएर हजारौँलाई योग सिकाएर योगका प्रशिक्षक बनाएको लाखौँलाई योग सिकाएको अन्तर्राष्ट्रिय प्रशिक्षक न्यौपानेले बताए। उनले अनलाइनबाट समेत योग सिकाइरहेका छन् । योगले वातावरणीय, भावनात्मक र आत्मिक शान्तिलाई प्रवर्द्धन गर्दै हिंसावाद र विभेदलाई समाप्त गर्न भूमिका खेल्ने उनी दाबी गर्छन्।

विश्वले २०२५ सम्म स्वास्थ्य र ‘फिटनेस’मा २१५ अर्ब डलर खर्च गर्ने प्रक्षेपणले पनि नेपालका लागि यस क्षेत्रमा लगानी गर्ने उत्तम अवसर देखाएको योग गुरु दीपककुमार अधिकारीको भनाइ छ। नेपालमा भने योगलाई व्यावसायिक बनाउन नसकिएको बताउँदै उनी अवसरहरू खेर गइरहेको दुखेसो गर्छन् । नेपालमा योगको प्राचीन परम्परालाई पुनर्जीवित गर्दै विसं. २०३८ सालमा माघ १ लाई योग दिवसका रूपमा मनाउन सुरु गरियो। विसं. २०७२ सालदेखि औपचारिक रूपमा राष्ट्रिय योग दिवस मनाइँदै आएको छ। योग र ध्यानले शारीरिक स्वास्थ्य, मानसिक शान्ति र आध्यात्मिक चेतनाको विकास गर्छ । आधुनिक जीवनशैलीले सिर्जना गरेका तनाव, प्रदूषण र अस्वस्थ्य आहारको समस्यालाई समाधान गर्न योग प्रभावकारी माध्यम बनेको छ । नेपालले आफ्नो भौगोलिक र सांस्कृतिक विविधताका कारण ध्यान र योगका लागि अद्वितीय गन्तव्यको सम्भावना रहेको अर्घाखाँचीको डेहोंटेमा रहेर यस क्षेत्रमा लामो समयदेखि योग सिकाउँदै आएका बाबा योगीराजको भनाइ छ । खास गरी योगसँगै पञ्चगब्यको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका बाबा योगिराजले नेपाल प्राकृतिक चिकित्साको खानी रहेको तर, यसको लाभ लिन नसकिरहेको भन्दै खिन्नता प्रकट गर्छन्।

नेपालले अन्तर्राष्ट्रियस्तरका योग शिक्षक उत्पादन, योगका लागि आवश्यक संरचना निर्माण र पर्यटनसँग यसको संयोजनलाई प्राथमिकतामा राख्न जरुरी रहेको योगका अर्का प्रशिक्षक अधिकारीको सुझाव छ । योग अभियन्ता, ध्यान केन्द्रहरू र शिविरहरूको स्तरोन्नति गरी विदेशी पर्यटक आकर्षित गर्ने योजनाहरू विकास गरी तीनै तहका सरकार र निजी क्षेत्रको समेत सहकार्यमा साकार पार्न सकिने सम्भावना रहेको अधिकारीको भनाइ छ । योगको प्रचारप्रसारले समाजमा शान्ति, सद्भाव र समृद्धि ल्याउन योगदान पु¥याउँछ । योग, ध्यान र पर्यटनलाई एकै सूत्रमा बाँधेर नेपाललाई विश्वव्यापी शान्तिको केन्द्र बनाउन सकिने सम्भावना रहेको योगका प्रशिक्षकहरू बताउँछन्।

# रैथाने उत्पादनबाटै मनग्य आम्दानी

सङ्गीता राई

**सुनसरी ।**

धरान–१५ की मनिता घिमिरे सात वर्षदेखि तीतेपाती, नीम, घिउकुमारी, बकाइनोजस्ता वनस्पतिबाट साबुन बनाउने घरेलु उद्योग सञ्चालन गर्दै आएकी छन् । उनले उत्पादन गरेको साबुन मेला, महोत्सव, प्रदर्शनीलगायत अन्यत्र बिक्री हुने गर्दछ । नेपालमा मात्र नभएर विदेशका धेरै ठाउँहरुबाट 'अनलाइन'बाट माग गर्ने ग्राहक धेरै भएको उनी बताउँछिन् ।केही वर्षअघि काठमाडौँको ठमेलमा एकजना विदेशीबाट साबुन बनाउने तालिम लिएर त्यहाँबाट सिकेको सीपको उपयोग गर्दै उनले उद्योग सञ्चालन गरेकी हुन् । उनले सात वर्षदेखि धरान–१५ स्थित आफ्नै घरमा साबुन उद्योग सञ्चालन गरिरहेका छन् । २५–३० हजार रुपैयाँको लगानीमा शुरु गरेको व्यापार अहिले राम्रो आम्दानीको स्रोत बनेको छ । नेपालमै सिकेको सीपलाई उपयोग गर्न सकियो भने थोरै लगानीबाट राम्रो आम्दानी गर्न सकिने उनको भनाइ छ ।




उनले आफूमा रहेको सीपलाई विस्तार गर्ने उद्देश्यले देशका विभिन्न ठाउँमा आयोजित तालिमहरुमा महिलालाई प्रशिक्षित गराएका छन् । उनले इटहरी, उदयपुर, धनकुटालगायत ठाउँहरुमा तालिमहरु दिइसकेकी छन् । महिलाहरुले फुर्सदको समय सदुपयोग गरेर साबुन बनाई आम्दानी गर्न सक्ने उनी बताउँछन् । उनी भन्छिन्, 'गाउँघरमा पाइने वनस्पतिको प्रयोग गरेर साबुन बनाउन सकिन्छ, यसबाट उपभोक्तादेखि मुलुकलाई नै फाइदा हुन्छ ।'



सानो लगानीबाट गर्न सकिने यस्ता व्यवसायका लागि स्थानीय सरकार र स्थानीय तहमा वडा कार्यालयले पनि विपन्नलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको उनको सुझाव छ । पछिल्लो समय जलवायु अनुकूलको दृष्टिले पनि रैथाने बालीप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ । अहिले धरानमा सञ्चालन गरिएको एक्स्पोमा पनि उनले बनाएको साबुन किन्नेको घुइँचो देख्न सकिन्छ । मेलामा राखिएका रैथाने उत्पादनहरुप्रति उपभोक्ताहरुको आकर्षण बढेको छ ।

### किबीको व्यावसायिक खेती

पाँचथरका जुनु लावती २०६८ सालदेखि किबीखेती गर्दै आएकी छन् । उनले सनम फलफूल उत्पादन तथा प्रशोधन उद्योग फार्म सञ्चालन गर्दै आएकी छन् । परम्परागत निर्वाहमुखी खेतीभन्दा व्यावसायिकखेती गरी आम्दानीसँग जोडिने नगदेबालीका रुपमा किबीखेती उपयुक्त लागेकोले २०६८ सालदेखि यसको खेती शुरु गरेको उनले बताइन् । उनले यसमा कृषि फर्म, नर्सरी र प्रशोधन केन्द्र स्थापनामा झण्डै एक करोड बराबरको लगानी गरिसकेकी छन् । उनले अहिले ४५ रोपनी क्षेत्रफलमा किबीखेती गरिरहनुभएको छभने भाडामा जग्गा लिएर १५ रोपनी क्षेत्रफलमा नर्सरी उत्पादन गरेकी छन् । पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने छैन, मिहेनत गरेमा कृषि पेसामै आत्मनिर्भर हुन सकिने उनको भनाइ छ । उनी भन्छिन्, 'कृषिमा लागेर पनि सफल व्यवसायी बन्न सकिने रहेछ ।'

उनी धरान एक्स्पोमा किबीको व्यापार गर्दै आएकी छन् । किबी र किबीबाट उत्पादन गरिएका जुसको व्यापार अत्यधिक मात्रामा बिक्री भइरहेको छ । लावतीले अहिले एक्स्पोमा किबी फलबाट उत्पादन गरिएको किबीको जुस, अचारलगायत किबीबाट उत्पादन गरिएको विभिन्न वस्तुहरु बिक्रीका लागि राखिएको छ । सूचना प्रविधिको पहुँचबाट टाढा रहेका कारण आफूले अनलाइनको माध्यमबाट बजारीकरण गर्न नसकेका कारण विभिन्न जिल्लामा आयोजित एक्स्पो मेला, महोत्सवलगायत ठाउँहरुमा पुगेर आफ्ना उत्पादनहरु बिक्रीका लागि लैजाने गरेको उनले बताइन् ।

यस्ता मेला, महोत्सवहरुमा दैनिक ८० हजारदेखि एक लाख रुपैयाँसम्म आम्दानी हुने गरको उनको भनाइ छ । उनले भनिन्, 'दुर्गम ठाउँहरुमा उत्पादन गरिएका कृषि रैथाने बाली पर्याप्त पौष्टिक तत्वले भरिपूर्ण हुने र स्वास्थ्यका लागि फाइदाजनक हुने हुँदा बिस्तारै उपभोक्ताहरुको आकर्षण बढ्दो छ । अझै यसबारे प्रचारप्रसार र आम सर्वसाधारणमा जानकार र चेतना पुर्‍याउन सकिएमा बजारको समस्या हुने थिएन ।' लावतीले भनिन्, 'किबी उत्पादन भए पनि बजारको समस्या छ । किसानले उत्पादन गरेको वस्तुहरु सरकारले उचित मूल्यमा खरिद गरी बजारीकरण गरिदिए किसानलाई सहज हुनेछ । किसानहरुले उत्पादन गरेका वस्तुहरु बिक्री हुने कुरा सुनिश्चित गर्न सकिए नेपालमै स्वरोजगार सिर्जना गर्न सकिन्छ ।'

उनले किबी खेतीबाहेक नर्सरीबाट पनि राम्रै आम्दानी गरेकी छन् । उनको नर्सरीबाट उत्पादन गरिएका विभिन्न जातका बिरुवाहरु पाँचथर, सुनसरी, झापा, मोरङ, धनकुटा, इलाम, संङखुवासभा, भोजपुरलगायत जिल्लामा मात्र होइन, भारतका विभिन्न सहरहरुमा समेत बिक्री हुने गरेको छ ।

### सक्खरको गुलियो व्यापार

विगत २० वर्षदेखि सख्खरको व्यापारमा रमाई रहेका संङखुवासभाका दिलीप मगरलाई पनि यस पटकको धरान एक्स्पो निकै फाइदाजनक बन्यो । उनी सक्खरको व्यापारबाट राम्रै आम्दानी भएको बताउँछन् । लामो समयसम्म सँुगुरपालन र दानाखेती गर्दै आएका उनी २० वर्षदेखि सक्खरको व्यापारमा लागेका छन् । अहिले डिएलएमएस बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्म खोलेर सक्खरबाहेक अम्रिसोको कुच्चो, निबुवाको चुक साथै अन्य अग्र्यानिक कृषि उत्पादनको व्यापार पनि गर्ने गर्छन् ।

सक्खरको व्यापार मौसमी पेसा भएकाले वर्षमा नौ महिना मात्रै यसको व्यापार हुने गरेको गर्दछ । नौ महिनामा मात्र उनले पाँच हजार केजीभन्दा बढी सक्खर बनाएर बिक्री गरेको र यसबाट १२ लाख रुपैयाँसम्म आम्दानी भएको उनको भनाइ छ । सक्खर बनाउनका लागि मात्र उनले अहिले ९५ रोपनी जग्गामा उखुखेती गर्दै आएका छन् ।



उनले भने, 'सक्खर बनाउनका लागि उखु बाहिरबाट खरिद गर्नु पर्दैन, आफैँले खेती गरेको कारण निकै सहज भएको छ ।'

उनको फार्ममा बास्नादार र शुद्ध सादा गरी दुई किसिमको सक्खर पाइन्छ । बास्नादार सक्खर बनाउँदा ल्वाङ, सुकुमेल, गरम मसला र नरिवल हालेर बनाउने गरिन्छ भने शुद्ध सादामा केही नहाली बनाइएको हुन्छ । उनले सादा सक्खर अहिले प्रतिकेजी दुई सय रुपैयाँ र बास्नादार सक्खर पाँच सय रुपैयाँमा बिक्री भइरहेको बताउँछन् । उनका अनुसार सक्खर किन्नका लागि धेरैजसो व्यापारी फार्ममै पुग्ने गरेका छन् भने कतिपयले फोनबाट माग गर्दछन् । फार्मबाट बिक्री गर्नुभन्दा मेला, महोत्सवमा बिक्री गर्दा बढी फाइदा हुने गरेको उनको भनाइ छ । पछिल्लो समय धेरै मानिसमा मधुमेहको समस्या देखिएकाले पनि चिनीको सट्टा सक्खरको प्रयोग गर्न थालेपछि यसको व्यापार बढेको उनको भनाइ छ । उनले उत्पादन गरेको सक्खर सुनसरी, धनकुटा, मोरङ, विराटनगर, झापा, काठमाडौँ, पोखरालगायत ठाउँमा बिक्री हुने गरेको छ । एक्स्पोमा सक्खर किन्न आएका धरानका साजन उदास पछिल्लो समय गुलियो पारखीहरुका लागि सक्खर निकै लाभदायी भएको बताए । उनले भने, 'चिनीको प्रयोग गर्दा विभिन्न किसिमका रोग लाग्ने गरेकाले सक्खरको प्रयोग गर्न थालेको हुँ ।' सक्खरलाई चिनीको सट्टा चिया, रोटीलगायत अन्य परिकारहरुमा प्रयोग गर्ने गरेको उनको भनाइ छ ।

### एक्स्पोले गरायो बजारीकरण

सुनसरी उद्योग वाणिज्य सङ्घको आयोजना, स्थानीय सरकार, धरान उपमहानगरपालिका, कोशी प्रदेश सरकार, सङ्घीय सरकारको सहयोगमा सुरु भएको धरान एक्स्पोबाट स्थानीय किसानका साथै उपभोक्ताहरु लाभान्वित भएका छन् । व्यापार–व्यवसायको प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना गरिएको एक्स्पोमा हस्तकलाका सामग्री, कृषिजन्य उत्पादनहरु राखिएका छन् । सुनसरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष विजय श्रेष्ठ भन्छन्, 'एक्स्पोमा विषादीयुक्त तरकारीका साथै कृषि उपजको आयातलाई निरुत्साहित गर्दै किसानले उत्पादन गरेको स्थानीय उत्पादनहरुलाई प्राथमिकतामा राखेर एक्स्पोको आयोजना गरिएको हो ।' एक्स्पोमा स्थानीय उत्पादन र किसानलाई अग्र्यानिक उत्पादनमा जोड दिँदै बिक्री कक्षहरु राखेर प्राविधिक सहयोग गर्दै आएको धरान एक्स्पो अनुगमन समितिको संयोजक जयप्रकाश शर्माले बताए । स्थानीय निकायमा भएका सानादेखि ठूला उद्योगबाट उत्पादन भएका सबै उत्पादनलाई एक्स्पोमा प्रदर्शनीका लागि राखिएको एक्स्पोका मूल संयोजक गोपाल श्रेष्ठ बताउँछन् ।

एक्स्पोमा राखिएका एक सय ४२ वटा स्टलमा कृषिउपज, कृषि औजार, घरेलु तथा साना उद्योगका उत्पादन, तयारी कपडा, घरेलु सामान प्रदर्शनी र बिक्रीका लागि राखिएका छन् । एक्स्पोमा कोशी प्रदेशका विभिन्न जिल्लाहरु र छिमेकी दार्जिलिङलगायत भारतका विभिन्न स्थानबाट अवलोकन तथा व्यापार–व्यवसायका लागि आउने मानिसको भीड लागेको छ । एक्सो गत पुस २५ गतेदेखि सुरु भई यही माघ ५ गतेसम्म सञ्चालन भइरहेको छ । रासस

# लगानीकर्ताले कसरी लिने कानुनी लाभ



अचुतकुमार ओझा
काठमाडौँ।

*धितोपत्र बजार जोखिम र सम्भावनाको पिङ हो । यहाँ हरेकले कमाउन र रमाउन सक्छन् तर अरूको देखासिकीमा नबुझी र नजानी प्रवेश गरेका प्रत्येक लगानीकर्ताले गुमाउने निश्चित छ । धितोपत्र बजार यस्तो ठाउँ हो, जहाँ १० प्रतिशतले कमाउने र ९० प्रतिशतले गुमाउने गर्छन् । यसैले कैयौँले यसलाई अपव्याख्या गरेर जुवाको सङ्ज्ञा दिएका छन् तर यो क्षेत्र त्यसो नभई जोखिमले भरिएको भरपुर खजाना हो । जानेर झिक्न सक्ने हो भने बहुमूल्य सम्पत्ति प्राप्त हुनेछ तर लहडमा दौडिन थाल्यौँ भने भएकै धन पनि गुम्ने पक्का छ । यस्तो बजारलाई व्यवस्थित र मर्यादित ढङ्गबाट सञ्चालन गर्न र बजारमा हुने अराजक गतिविधिलाई नियमन र नियन्त्रण गर्न राज्य वा नियामक निकायहरुले नीतिनियम बनाउने गर्दछन् ।*

हरेक लगानीकर्तालाई कानुनको सीमाभित्र अवसरको पहिचान गरेर परिणामहरु प्राप्त गर्न सक्ने स्थान उपलब्ध गराइएको हुन्छ । तर ती सीमाभित्रका सम्भावनाहरु लगानीकर्ताले तब देख्न र बुझ्न सक्ने हुन्छन् जब त्यसको अध्ययन, अभ्यास र छलफलमा सहभागी हुने समय र आँटका लागि स्वयंले आफूलाई प्रोत्साहित गर्न थाल्छ । यसरी उत्साहित लगानीकर्तामध्ये गहिरो र गम्भीर ढङ्गबाट आफूलाई प्रस्तुत गर्नेहरुले त्यही नियमभित्र पनि अरूले भन्दा बढी फाइदाका छिद्र पहिल्याएका थुप्रै उदाहरण छन् । यस आलेखमा प्रचलित केही कानुनी व्यवस्थभित्र नबुझी लगानी गर्दा र बुझेर गर्दा एउटा लगानीकर्ताले कसरी तुलनात्मक रुपमा बढी लाभ लिन सक्छ भन्ने देखाउन खोजिएको छ ।

**धितोपत्र कारोबार कमिसनसम्बन्धी व्यवस्थाः**

लगानीकर्ताले धितोपत्रका उपकरण शेयर, डिबेञ्चर, बन्ड र म्युचुअल फन्ड आदिको कारोबार गर्दा धितोपत्र दलाल, नेपाल स्टक एक्सचेन्ज (नेप्से), धितोपत्र बोर्ड (सेबोन) र निक्षेप सदस्यहरुलाई विभिन्न किसिमको दस्तुर तिर्नुपर्ने हुन्छ । जुन कारोबार रकमका आधारमा निर्धारण हुने गर्छ ।

**क) शेयर कारोबारः** धितोपत्र बजारमा शेयर कारोबार रकम सीमाको आधारमा कमिसन तिर्नुपर्ने हुन्छ । ५० हजार रुपैयाँसम्मलाई ०.३६ प्रतिशत, ५० हजारभन्दा माथि पाँच लाख रुपैयाँसम्मलाई ०.३३ प्रतिशत, पाँच लाखभन्दा माथि २० लाख रुपैयाँसम्मलाई ०.३१ प्रतिशत, २० लाखभन्दा माथि एक करोड रुपैयाँसम्मलाई ०.२७ प्रतिशत र एक करोड रुपैयाँभन्दा माथिको हकमा ०.२४ प्रतिशत रहेको छ ।

**ख) बोन्ड र डिबेञ्चर कारोबारः** धितोपत्र बजारमा कारोबार हुने नेपाल सरकार, राष्ट्र बैङ्क र कर्पोरेट संस्थाले जारी गरेका बन्ड र डिबेञ्चरको हकमा पाँच लाख रुपैयाँसम्म ०.१० प्रतिशत वा १० रुपैयाँ जुन बढी हुन्छ सो बराबरको दस्तुर लाग्ने गर्छ । पाँच लाख एक रुपैयाँदेखि ५० लाखसम्म ०.०५ प्रतिशत र ५० लाख रुपैयाँभन्दा माथि ०.०२ प्रतिशत दस्तुर लाग्ने गरेको छ ।

**ग) म्युचुअल फन्ड तथा अन्य धितोपत्र कारोबारः** धितोपत्र बजारमा कारोबार हुने खुल्ला तथा बन्द मुखी म्युचुअल फन्ड र अन्य धितोपत्र उपकरण जुन माथि उल्लेख गरिएका छैनन्, त्यसको हकमा पाँच लाख रुपैयाँसम्म ०.१५ प्रतिशत वा १० रुपैयाँ जुन बढी हुन्छ सो बराबरको दस्तुर लाग्ने गर्छ । पाँच लाख एकदेखि ५० लाख रुपैयाँसम्म ०.१२ प्रतिशत र ५० लाख रुपैयाँ भन्दा माथि ०.१० प्रतिशत दस्तुर लाग्ने गरेको छ ।

धितोपत्र कारोबारमा लगानीकर्ताबाट लिइएको माथि उल्लेखित शत्प्रतिशत दस्तुरमध्ये ७९.४० प्रतिशत धितोपत्र दलाललाई, २० प्रतिशत नेप्सेलाई, ०.०६ प्रतिशत सेबोनलाई भाग लगाइन्छ । माथि उल्लेख गरिएबाहेक सेबोनलाई धितोपत्र हस्तान्तरणबापत थप शुल्क कारोबार रकमको ०.०१ प्रतिशत तिर्नुपर्ने हुन्छ ।

यस्तै, प्रतिस्टक प्रतिदिन हुने हस्तान्तरणका आधारमा डिपोजिटरी पाटिसिपेन्ट (डिपी) ट्रान्जेक्सन चार्ज २५ रुपैयाँसमेत लगानीकर्ताले आफूले धितोपत्र कारोबार गर्दा कमिसन तिर्नुपर्ने हुन्छ ।

**लाभः**

यस नियम नबुझेकाले भन्दा बुझेका लगानीकर्ताले विभिन्न अवस्थामा धितोपत्र कारोबार गर्दा लाग्ने कमिसन बचाउन सक्ने परिस्थिति हुन सक्छ । उदाहरणका रुपमा २० लाख रुपैयाँको शेयर खरिद गर्दा ०.३१ प्रतिशत अर्थात् छ हजार दुई सय रुपैयाँ कमिसन तिर्नुपर्ने हुन्छ । तर २० लाख एक रुपैयाँको शेयर खरिद गर्ने हो भने ०.२७ प्रतिशत अर्थात् पाँच हजार चार सय रुपैयाँ कमिसन तिर्नुपर्ने हुन्छ । यसरी एउटा कारोबारमा कमिसनबापत १२ प्रतिशत अर्थात् आठ सय रुपैयाँ बचाउन सकिन्छ । यस्तै, आफूले खरिद गरेको वा बिक्री गरेको धितोपत्रको कमिसनपछिको वास्तविक तिर्नुपर्ने वा पाउनुपर्ने रकम थाहा पाउन सकिन्छ ।

**पुँजीगत लाभकरसम्बन्धी व्यवस्थाः** पुँजीगत लाभकरको दृष्टिले लगानीकर्तालाई संस्थागत र व्यक्तिगत गरी दुई किसिमले हेरेको देखिन्छ । व्यक्तिगत लगानीकर्ताको हकमा सम्बन्धित व्यक्तिले खरिद गरेर एक वर्षभन्दा लामो समय अवधि राखेर बिक्री गरेमा पुँजीगत लाभको पाँच प्रतिशत र एक वर्षभन्दा कम अवधि राखेर बिक्री गरेमा सात दशमलव पाँच प्रतिशतको दरमा पुँजीगत लाभकर लाग्ने व्यवस्था गरिएको छ । यस्तै, संस्थागत लगानीकर्ताहरुको हकमा जुनसुकै अवधिमा धितोपत्र बिक्री गरे तापनि पुँजीगत लाभ भएमा १० प्रतिशत पुँजीगत लाभकर लाग्ने व्यवस्था रहेको छ ।

यस व्यवस्था जान्ने र कारोबारका क्रममा अभ्यासमा ल्याउने हो भने वास्तविक रुपमा पुँजीगत लाभकर बापत काटिएको रकम ठीक छ छैन थाहा पाउन सकिन्छ । यस्तै, व्यक्तिगत लगानीकर्ताले कारोबारका क्रममा समयलाई ख्याल नगर्दा पुँजीगत लाभमा बढी कर तिर्नु परेको हुन सक्छ, त्यसबाट लाभ लिन सकिन्छ । उदाहरणका रुपमा मानौँ कुनै शेयर खरिद गरेको तीन सय ६० दिनमा बिक्री गर्दा रु एक लाख पुँजीगत लाभ भए छभने सात दशमलव पाँच प्रतिशत पुँजीगत लाभकर अर्थात् सात हजार पाँच सय रुपैयाँ भुक्तानी गर्नुपर्छ तर त्यही शेयर तीन सय ६६ दिनमा बिक्री गरियो र रु एक लाख नै पुँजीगत लाभ भएछ भने पाँच प्रतिशत पुँजीगत लाभकर अर्थात् रु पाँच हजार भुक्तानी गर्दा पुग्छ । यसले के प्रस्ट गर्छ भने समयलाई ध्यान दिएर कारोबार गर्ने हो भने केही दिनको अन्तरालमा लगानीकर्ताले दुई दशमलव पाँच प्रतिशत अर्थात् रु एक लाख पुँजीगत लाभमा रु दुई हजार पाँच सय बचत गर्न सक्ने अवस्था बन्छ ।

**शेयर धितो कर्जासम्बन्धी व्यवस्थाः**

आफूसँग भएको शेयर बैङ्क तथा वित्तीय संस्थाहरुमा बन्धकी राखेर कर्जा लिने व्यवस्था नै शेयर धितो कर्जा हो । यसरी कर्जा लिनका लागि आफूसँग योग्य कम्पनीको शेयर छभने आफ्नो आवश्यकताअनुसार सम्बन्धित निकायमा आवेदन दिन सकिन्छ र उक्त वित्तीय संस्थाले आवेदक र धितोलाई योग्य ठानेमा कर्जा दिन सक्छ । यस्तो कर्जाको हकमा ५० लाख रुपैयाँ भन्दा कम भएमा पछिला एक सय ८० कार्यदिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ त्यसको एक सय अङ्क भारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छभने ५० लाख रुपैयाँभन्दा बढीको हकमा ७० अङ्क भारका आधारमा कर्जा दिन सकिने व्यवस्था गरिएको छ । यसको अर्थ कर्जा लिन चाहने व्यक्तिले आफ्नो शेयर सुरक्षण गर्दाको बखत मूल्याङ्कन गरिएको चलनचल्तीको दरभाउको निश्चित प्रतिशत कर्जा पाउने गर्दछ । यसको अवधि एक वर्षको हुने गर्दछ । त्यसपछि नविकरण गर्न सकिन्छ । यसैले



मूल्याङ्कित शेयर धितो राखेर ५० लाख रुपैयाँसम्मको हकमा एक सय प्रतिशत र ५० लाख रुपैयाँभन्दा माथिको हकमा ७० प्रतिशतसम्म कर्जा प्रवाह हुने व्यवस्था नै शेयर धितो कर्जा हो । यस्तो कर्जा भुक्तानी गरेर धितो फुकुवा नभई शेयर बिक्री गर्ने गरेमा 'क्लोजआउट' बापत जरिवानासमेत तिर्नुपर्ने हुन्छ । लामो समयका लागि लगानी गर्ने व्यक्तिहरुको हकमा शेयर कर्जा उपयुक्त हुने देखिन्छ ।

शेयर धितो कर्जाका सम्बन्धमा जानकारी हुँदा कति कर्जा लिनका लागि कति शेयर सम्पत्ति आवश्यक छ थाहा पाउन सकिन्छ । यसको तुलनात्मक लाभहरु लिन सकिन्छ । उदाहरणका रुपमा ५० लाख रुपैयाँको कर्जा लिने हो भने ५० लाख बराबरको शेयर सम्पत्ति मूल्याङ्कन भए पुग्छ । तर ५० लाख एक रुपैयाँको कर्जा लिने हो भने ७१ लाख ४२ हजार आठ सय ५९ रुपैयाँ बराबरको शेयर सम्पति मूल्याङ्कन आवश्यक हुन्छ । यसको अर्थ के हो भने ५० लाख रुपैयाँसम्मको कर्जाका लागि जति कर्जा लिने हो सो बराबरको शेयर सम्पत्तिको मूल्याङ्कन भए पुग्छ तर त्यसभन्दा माथि रु एक मात्रै थपिने हो भने पनि शेयर सम्पत्ति मूल्याङ्कनको ७० प्रतिशत मात्रै कर्जा पाउने अवस्था हुन्छ । यसैले यस्तो अवस्थामा त्यति नै धितो राखेर आफूलाई बढी कर्जा चाहिएको छभने आफ्नो नाममा ५० लाख रुपैयाँ र अन्य परिवारका सदस्यका नामबाट बाँकी शेयर किनेर उक्त शेयरलाई धितो राखेर २१ लाख ४२ हजार आठ सय ५९ रुपैयाँ थप कर्जा लिन सकिन्छ ।

**मार्जिन कर्जासम्बन्धी व्यवस्थाः**

नेपाल धितोपत्र बोर्ड र नेप्सेले जारी गरेका 'मार्जिन' कारोबार सुविधासम्बन्धी निर्देशन, २०७४ र 'मार्जिन' कारोबार सुविधासम्बन्धी कार्यविधि, २०७५ मा भएको कानुनी व्यवस्थाभित्र रहेर 'मार्जिन' कर्जा कारोबार गर्न योग्य दलाल व्यवसायीमार्फत योग्य कम्पनीका धितोपत्र उपकरणका हकमा 'मार्जिन' कारोबार सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । 'मार्जिन' कर्जा लिएर धितोपत्र खरिद गर्दा पछिल्ला एक सय ८० कार्यदिनको अन्तिम बजार मूल्यको औसत मूल्य वा त्यस दिनको अन्तिम बजार मूल्यमध्ये जुन कम छ त्यसको निश्चित प्रतिशतले हुन आउने रकम लगानीकर्तासँग आदेश पूर्व नै सुरु 'मार्जिन' दिन लगाएर बाँकी स्वयं 'मार्जिन' कर्जा दिनयोग्य दलाल व्यवसायी आफँैले खरिदकर्ताका तर्फबाट बिक्रेतालाई भुक्तानी गरिदिने गरी गरिने कर्जा सुविधा नै 'मार्जिन' कर्जा हो । यसरी किनिएको धितोपत्रको बजार मूल्य घट्दै गएमा दलाल व्यवसायीले अपुग रकम बराबरको 'मार्जिन' कल सम्बन्धित खरिदकर्तालाई जाने गर्दछ । यस्तो 'मार्जिन' समयमा तिर्न नसक्ने वा नटेर्ने लगानीकर्ताको हकमा दलाल व्यवसायीले उक्त धितोपत्र बिक्री गर्न सक्छ ।

'मार्जिन' कर्जामा तोकिएको भुक्तानी गरेर शत्प्रतिशतको धितोपत्र खरिद गर्न सकिन्छ भने शेयर धितो कर्जामा शत्प्रतिशत शेयर बन्धकी राखेर तोकिएको प्रतिशत कर्जा मात्रै पाउन सकिन्छ । उदाहरणका रुपमा 'मार्जिन' कर्जालाई प्रयोग गरेर तपाईसँग रु ३० छ भने रु एक सयको धितोपत्र खरिद गर्न सक्नुहुन्छ । यसको अर्थ के हो भने खरिद पूर्व ३० प्रतिशत 'मार्जिन' भुक्तानी गरेर त्यसको एक सय प्रतिशतको धितोपत्र सम्पत्ति खरिद गर्ने सुविधा 'मार्जिन' कर्जाले दिने गर्छ । यसले लगानीकर्तासँग थोरै रकम हुँदा समेत धेरै शेयर किन्न सक्ने र जोखिम लिन सक्ने अवसर सिर्जना गर्छ । धितोपत्र बिक्री गर्न शेयर धितो कर्जामा जस्तो फुकुवा गरिरहनु पर्दैन । कारोबारी वा छोटो अवधिका लागि लगानी गर्नेहरुको हकमा यो कर्जा सुविधा धेरै उपयुक्त देखिन्छ । बजारमा धितोपत्रको कारोबार वृद्धि गर्न मद्दत गर्नसक्ने देखिन्छ ।




यसरी हेर्ने हो भने लगानीमा सफलता हात पार्न हरेक लगानीकर्ताले भइरहेका कानुनी व्यवस्थाहरुको सूक्ष्म अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ । यस्तो स्वभावले कानुनभित्र रहेका अवसर पहिल्याएर अन्य लगानीकर्ताले भन्दा थप फाइदा उठाउन सक्ने वातावरण सिर्जना हुन्छ । माथि भनिए जस्तै लगानीको लागत घटाएर, जरिवाना जोगाएर, तिर्नुपर्ने कमिसन कानुनतः कम तिरेर र विभिन्न कर्जाको तुलनात्मक लाभ उठाएर एउटा लगानीकर्ताले चिल, बाज जस्तै आफ्नो सम्पत्तिको उडान भर्न सक्ने कानुनी घेराभित्र प्रचुर आधार हुनेगर्छ । यसैले समृद्ध बन्न चाहने हरेक लगानीकर्ताले राज्य र नियामकले बनाएको कानुन पढेर, बुझेर अनुशासनसहित अभ्यासमा ल्याएर जसरी सुन्तला निचोरेर रस निकालिन्छ त्यसरी नै कानुनी व्यवस्थालाई निचोरेर लगानीमा प्रतिफलको जुस निकाल्न सक्नु नै सफल बन्ने मूल मार्ग हो । (लेखक धितोपत्र बजारका जानकार हुनुहुन्छ) रासस

वैभव मधेशदृष्टि
२०८१ साल माघ ०५ गते शनिबार
Saturday 18, January 2025

## इजरायल–प्यालेस्टाइन युद्धविरामः

# सहज होला गाजाको जनजीवन



अफरोज अर्पण
arpan.afroz786@gmail.com

“

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले पहिलो बन्धकलाई आइतबारसम्म रिहा गर्न सकिने बताएको छ । अमेरिका र कतारले इजरायल र हमास गाजामा युद्ध रोक्न सहमत भएको घोषणा गरेका छन् । अब लडाइँ मात्र रोकिने छैन तर इजरायली बन्धक र प्यालेस्टिनी बन्दीहरूलाई पनि रिहा गरिनेछ । १५ महिनादेखि जारी युद्धपछि दुवै पक्षबीच भएको सहमतिलाई ठूलो सफलता मानिएको छ । यो युद्ध सशस्त्र प्यालेस्टिनी समूह हमासले अक्टोबर ७, २०२३ मा इजरायलमा आक्रमण गर्दा शुरु भएको थियो । दुई पक्षबीच भएको सहमतिको विवरण अहिले आदान प्रदान गरिएको छैन ।

प्लयालेस्टिनी विद्रोही समूह हमासले ७ अक्टोबर २०२३ मा इजरायलमा आक्रमण गऱ्यो, त्यस आक्रमण करिब १२ सय इजराजलीको ज्यान गयो । हमासका लडाकुहरुले २५१ जना इजरायलीलाई बन्धक बनाएर गाजा क्षेत्रमा ल्याए । गाजामा इजरायलको जबाफी हमला करिब १५ महिनादेखि चलिरहेको छ । अहिले यी दुई पक्षबीच हुने भनिएको ६ हप्ताको पहिलो




चरणको युद्धविरामलाई मुर्तरुप दिन भइरहेको वार्ताका क्रममा पनि इजरायलले जागामा आक्रमण गरिरहेको छ । पछिल्लो ५ दिनमा इजरायली डिफेन्स फोर्सको आक्रमणमा सयौं प्यालेस्टिनीको ज्यान गएको छ । हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार अहिलेसम्म गाजामा ज्यान गुमाउनेको संख्या ४६ हजार नाघेको छ । लाखौं विस्तापित भएका छन् भने ७ अक्टोवर पछि इजरायलमा करिब २५०० को ज्यान गएको छ ।

हमासको नियन्त्रणमा रहेका २५१ बन्धकहरुमध्ये युद्ध शुरु भएको एक महिना पछि भएको एक हप्ते युद्धविराममा १०५ बन्धकलाई रिहा गरिएको थियो । बाँकी रहेका बन्दीमध्ये केहीले इजारायलले गाजामा गरेको आक्रमणमा परेर ज्यान गुमाए । हमासले अझै ९४ जनालाई बन्दी बनाएको छ । यद्यपि ती मध्ये ६० जना मात्र जीवित रहेको इजरायलको भनाई छ । यो सम्झौता अन्तर्गत इजरायलले बन्धकहरूको बदलामा करिब १,००० प्यालेस्टिनी बन्दीहरूलाई रिहा गर्ने सम्भावना छ । तिनीहरूमध्ये केही धेरै वर्षदेखि इजरायली जेलमा छन् ।

### युद्धविराम कसरी काम गर्न सक्छ ?

सहमतिको घोषणापछि यो युद्धविराम तीन चरणमा अघि बढ्नेछ । यद्यपि दुवै पक्षले यसमा सहमति जनाइसकेका छन्, तर इजरायलको सुरक्षा मन्त्रिपरिषद्ले यसलाई अनुमोदन गर्न बाँकी छ । कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले यो सम्झौतालाई मन्त्रिपरिषद्ले अनुमोदन गरेमा आइतबारदेखि लागू हुने बताएका छन् ।

### पहिलो चरण

बुधबार भएको सम्झौताको जानकारी दिँदै अमेरिकी राष्ट्रपति जो बाइडेनले पहिलो चरण ६ हप्तासम्म चल्ने र ‘पूर्ण युद्धविराम’ हुने बताए । बाइडेनले सम्झौता अन्तर्गत हमासले बन्धकहरूलाई रिहा गर्ने र इजरायलले प्यालेस्टिनी बन्दीहरूलाई रिहा गर्ने बताए । तर बाइडेनले हमासले कति जना बन्धकहरूलाई रिहा गर्ने भनेर भनेनन् । तर कतारका प्रधानमन्त्री अल थानीले बुधबार साँझ पत्रकार सम्मेलनमा यो संख्या ३३ हुने बताए । इजरायली सरकारका प्रवक्ता डेभिड मेन्सरले यसअघि रिहा हुने सम्भावना रहेका ३३ बन्धकमध्ये बालबालिका पनि रहेको बताएका थिए । एक प्यालेस्टिनी अधिकारीले बीबीसीलाई बताए कि तीन जना बन्धकहरूलाई तुरुन्तै रिहा गरिने र बाँकी प्यालेस्टिनी कैदीहरूसँग आदानप्रदान छ हप्तामा हुनेछ । बाइडेनले भने कि यस चरणमा इजरायली सेना गाजाका सबै जनसंख्या भएको क्षेत्रबाट फिर्ता हुनेछ । साथै, प्यालेस्टिनीहरू पनि गाजाका सबै क्षेत्रहरूमा आफ्नो घर फर्कन सक्षम हुनेछन् । इजरायली आक्रमणका कारण गाजाका करिब २३ लाख मानिस घरबारविहीन भएका छन् । युद्धविरामपछि यी मानिसहरू आफ्नो घर फर्कन सक्नेछन् ।

यस बाहेक गाजामा मानवीय सहायता पनि बढ्नेछ र त्यहाँ दैनिक सयौं ट्रकहरू पुग्न अनुमति दिइनेछ । युद्धविरामको १६ औं दिनमा दोस्रो र तेस्रो चरणको वार्ता सुरु हुने प्यालेस्टिनी अधिकारीले बीबीसीलाई बताए । अमेरिकी राष्ट्रपतिले दोस्रो र तेस्रो चरणको वार्ता जारी रहेसम्म युद्धविराम जारी रहने बताए ।

### दोस्रो चरण

अमेरिकी राष्ट्रपति जो बाइडेनका अनुसार दोस्रो चरणको उद्देश्य ‘युद्धको स्थायी अन्त्य’ हुनेछ । यस चरणमा, बाँकी बाँचेका बन्धकहरू र प्यालेस्टिनी बन्दीहरूलाई तिनीहरूको ठाउँमा रिहा गरिनेछ । इजरायलले कुल १,००० प्यालेस्टिनी बन्दीहरूलाई रिहा गर्न सहमत भएको विश्वास गरिएको छ। जसमध्ये करिब १९० जना १५ वर्ष वा सोभन्दा बढी कैद सजाय भोगिरहेका छन् । एक इजरायली अधिकारीले कि ७ अक्टोबरको दोषीलाई छुट दिइने छैन । यसका साथै गाजाबाट इजरायली सेनाको पूर्ण फिर्ती पनि हुनेछ ।

### तेस्रो चरण

तेस्रो र अन्तिम चरणमा गाजाको पुनर्निर्माण समावेश हुनेछ । यो धेरै वर्ष लाग्न सक्छ । यस चरणमा हमासको हिरासतमा मारिएका बन्धकहरूको शव पनि इजरायललाई हस्तान्तरण गरिनेछ । अहिले जे हासिल भएको छ त्यसमा धेरै महिनाको कठिन वार्ता भएको छ । यसको मुख्य कारण इजरायल र हमासले एकअर्कालाई पटक्कै विश्वास नगर्नु थियो । हमासले बन्धकहरूलाई रिहा गर्नु अघि युद्धको पूर्ण अन्त्य चाहेको थियो । तर यो इजरायललाई स्वीकार्य थिएन ।

### के युद्ध पूर्णरुपमा रोकिन्छ ?

इजरायलको युद्धको मुख्य उद्देश्य हमासको सैन्य र शासन क्षमतालाई नष्ट गर्नु हो । इजरायलले हमासलाई ठूलो नोक्सान पुर्याएको छ, तर पनि हमाससँग फेरि आफ्नो खुट्टामा उभिने क्षमता छ । को बन्धकहरू जीवित छन् र को मरेका छन् भन्ने पनि स्पष्ट छैन । यो पनि स्पष्ट छैन कि हमासलाई हराएका सबै बन्धकहरूको बारेमा थाहा छ जसलाई इजरायलले खोजी गरिरहेको छ । हमासले आफ्नो तर्फबाट केही बन्दीहरूलाई रिहा गर्न माग गरेको छ तर इजरायलले उनीहरूलाई रिहा नगर्ने बताएको छ । यसमा अक्टोबर ७ मा भएको आक्रमणमा संलग्न अतिवादीहरू पनि समावेश भएको मानिन्छ । यो पनि स्पष्ट छैन कि इजरायल एक निश्चित मितिमा बफर जोनबाट बाहिर निस्कन सहमत हुनेछ वा बफर जोनमा यसको उपस्थिति अनिश्चित कालसम्म जारी रहनेछ । विगतमा छिटपुट झडपपछि इजरायल र हमासबीचको युद्धविराम तोडिएको छ । यो युद्धविरामको समय तालिका र यसको जटिलताको अर्थ एउटा सानो घटनाले पनि फेरि युद्ध सुरु गर्न सक्छ ।

### गाजामा शासन कसले गर्ने ?

युद्धविराम पछि गाजामा कसले शासन गर्ने भन्ने सबैभन्दा ठूलो अनुत्तरित प्रश्न हो । बुधवार सम्झौताको घोषणा हुनुअघि प्यालेस्टाइनी प्रधानमन्त्री मोहम्मद मुस्तफाले प्यालेस्टाइनी



प्राधिकरणलाई गाजामा कानून अनुसार शासन गर्ने अधिकार रहेको बताएका थिए । इजरायलले हमासलाई गाजामा शासन गरोस् भन्ने चाहँदैन । तर इजरायल पनि प्यालेस्टाइनी अथोरिटीले गाजामा शासन गरोस् भन्ने चाहँदैन । यो अख्तियारले इजरायलले कब्जा गरेको वेस्ट बैंकका केही भागहरू नियन्त्रण गर्दछ । र इजरायल पनि द्वन्द्व समाप्त भएपछि पनि गाजामा सैन्य नियन्त्रण हुनुपर्छ भन्ने चाहन्छ । इजरायलले अमेरिका र कतारसँग गाजा चलाउन अस्थायी प्रशासनको योजनाको बारेमा छलफल गरिरहेको छ । यो नयाँ संरचनाले गाजामा स्थायी सरकारको रूप लिन सक्छ ।

### ७ अक्टोबर २०२३ मा के भयो र गाजामा के भयो ?

हमासका सयौं बन्दुकधारीले दक्षिणी इजरायलमा अभूतपूर्व आक्रमण गरे । चरमपन्थीहरू बार तोडेर इजरायली सीमामा प्रवेश गरेका थिए । उनीहरूले प्रहरी चौकी, सैन्य अड्डा र धेरै सीमावर्ती बस्तीहरूलाई निशाना बनाए । यी आक्रमणहरूमा करिब १,२०० मानिस मारिएका थिए र हमास लडाकुहरूले २५० भन्दा बढी बन्धकहरूलाई गाजामा फिर्ता लिएका थिए। हमासले पनि इजरायलमा हजारौं रकेट प्रहार गरेको थियो । जवाफमा, इजरायलले ठूलो मात्रामा सैन्य अभियान सुरु गर्यो, पहिले हवाई र त्यसपछि जमिन आक्रमण । त्यसयता इजरायलले गाजामा जमिन, समुद्र र हावाबाट आक्रमण गर्दै आएको छ । हमासले यस अवधिमा इजरायलमा रकेट आक्रमण पनि गरेको छ । इजरायली आक्रमणले गाजालाई ध्वस्त बनाएको छ । त्यहाँ खाद्यान्नको ठूलो अभाव छ । अन्तर्राष्ट्रिय समुदायले पनि खाँचोमा परेकाहरूसम्म पुग्न सकेको छैन । गाजामा हमासको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणमा हालसम्म ४६,७०० भन्दा बढी मानिस मारिएका छन् । तीमध्ये अधिकांश आम नागरिक रहेको मन्त्रालयको दाबी छ ।

### अन्त्यमा,

सम्झौतापछिको पहिलो ठूलो चुनौती भनेको युद्धविरामलाई कायम राख्नु हो । ४२ दिनको पहिलो चरणको अन्त्य हुने बित्तिकै पश्चिमी देशका धेरै वरिष्ठ कूटनीतिज्ञहरुले युद्ध फेरि सुरु हुन सक्ने डर रहेको बताएका छन् । गाजामा सुरु भएको युद्धले मध्यपूर्वमा गहिरो परिणाम ल्यायो । तर, यो युद्ध सिङ्गो क्षेत्रमा फैलिने डर धेरैलाई थियो । तर यस्तो हुन सकेको छैन । अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले यसको श्रेय लियो । तर गाजा युद्धले सम्पूर्ण क्षेत्रमा अशान्तिको वातावरण सिर्जना गर्यो । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र उनका पूर्व रक्षामन्त्रीलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराधको आरोप लगाएको छ । इजरायललाई नरसंहारको आरोप लगाउँदै दक्षिण अफ्रिकासँग सम्बन्धित मुद्दामा अन्तर्राष्ट्रिय अदालतले पनि अनुसन्धान गरिरहेको छ । लेबनानको हिजबुल्लाहले यस युद्धमा हस्तक्षेप गरेलगत्तै, इजरायली आक्रमणले हिजबुल्लाहलाई ध्वस्त बनायो । सिरियामा बसर अल–असदको शासनको पतन भयो । इरान र इजरायलले एकअर्कामाथि प्रत्यक्ष आक्रमण गरे जसले इरानलाई कमजोर बनायो । इरानले ‘प्रतिरोधको धुरी’ भनेर बनाएको सहयोगी र प्रोक्सीहरूको नेटवर्क पनि ध्वस्त भएको छ ।

यमनका हुथी विद्रोहीहरूले युरोप र एसियाको बीचमा लाल सागर हुँदै जाने अधिकांश कार्गो जहाजहरू रोकेका छन् । हुथी विद्रोहीहरूले गाजामा युद्धविरामपछि आक्रमणहरू रोक्ने आफ्नो वाचा पूरा गर्ने कि गर्दैनन् त्यो हेर्न बाँकी छ । जहाँसम्म इजरायल र प्यालेस्टाइनबीच लामो समयदेखि चलिरहेको द्वन्द्वको सवाल छ, अवस्था पहिलेभन्दा झनै तीतो छ । यदि भाग्यले यो युद्धविरामलाई समर्थन गर्यो भने, हत्याहरू रोक्न सकिन्छ र इजरायली बन्धकहरू, प्यालेस्टिनी कैदीहरू र बन्दीहरूलाई उनीहरूको परिवारमा फिर्ता पठाउन सकिन्छ । तर यो युद्धविरामले एक शताब्दीभन्दा पुरानो द्वन्द्व अन्त्य हुने छैन । एजेन्सीको सहयोगमा

# फतुवा बिजयपुरमा ग्रामिण कृषि सडक निर्माण



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको फतुवा बिजयपुर नगरपालिकाको शितलपुरमा ग्रामिण कृषि सडक निर्माण गरिएको छ । नगरपालिकाको वडा नम्बर २ मा किसानहरुलाइ सहज हुने उदेश्यले वडा स्तरीय योजनाबाट ५ लाखको लागतमा मौलापुर चिरचिरिया चौरी तर्फ ग्रामीण कृषि सडक विस्तार गरिएको छ । सहज सिंचाई, धान, गहुँ, मकै लगायतका अन्नबालीको सहज ढुवानीका लागि सडक निर्माण उपयोगी हुने विश्वास गरिएको छ । ग्रामीण कृषि सडक खेतखेतमा पुगेपछि कृषकले उत्पादन गरेको कृषिजन्य बस्तु ढुवानी गर्न सहज हुने भएको छ । यसले कृषकलाई प्रत्यक्ष फाइदा पुगेको स्थानीय बताउँछन् ।

# जनमतको लोककल्याणकारी अभियानबाट पर्साबासी लाभान्वित



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीले पर्सा जिल्लामा लोककल्याणकारी अभियान अन्तर्गत आँखाका बिरामीहरुका लागि निःशुल्क आँखा जाँच र शल्यकृया शिविरलाई निरन्तरता दिएको छ ।

यसैक्रममा शुक्रबार वीरगंज महानगरपालिका वडा नम्बर ९ रानिघाटमा पनि जनमत पार्टी पर्साको आयोजनामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । उक्त शिविरमा १ सय पचास जनाको आँखाको चेकजाँच गरिएको छ । तीमध्ये २९ जनामा मोतिया बिन्दुको समस्या देखिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले जानकारी दिए । उनीहरुको वीरगंज सामुदायिक आँखा केन्द्रमा निःशुल्क शल्यक्रिया गरिने उनले बताए । शिविरमा वीरगंज सामुदायिक आँखा केन्द्रकी मिखा श्रेष्ठ नेतृत्वको टोलीले शिविरमा आएकाहरुको आँखा जाँच गरेको थियो । स्थानीय नेताहरू संजय सरार्फ, लोकेश कर्णको समन्वयमा सम्पन्न कार्यक्रममा जनमतका नेताहरू रम्भा मिश्र, ब्रीजकिसोर कलवार, महादेव शर्मा, राजनरायण मिश्र, संजय सिह, उदय यादव, सिकेन्द्र राम, साजन सिंह लगायतको सहभागिता रहेको थियो ।

पछिल्लो सम्पन्न शिविरहरुबाट पहिचान गरिएका ३६ जना मोतिया बिन्दुको बिरामीहरुको निशुल्क सल्यक्रिया सम्पन्न भएको र यो अभियान सहर देखि गाउँसम्म जारी रहने जनमत पार्टी पर्साले जनाएको छ ।

# मेयरद्धारा सडकको शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपनगरपालिका वडा नं ४ मा नेपाली कांग्रेसको कार्यालयदेखि जलाद नदीसम्म सडक निर्माणको भूमिपूजनपछि शिलान्यास गरिएको छ ।

पूरानै सडकलाई १५ फिट र २० फिट चौडा बनाउने, ह्युम पाइप जडान गरी भूमिगत नाली बनाइने, २ करोड ६८ लाख रुपैयाँ लागतमा सडक निर्माण गर्न लागिएको हो ।

पूर्व सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री अनितादेवी साहको संसदीय कोषबाट सडक निर्माण भइरहेको जनकपुरधामका प्रमुख मनोजकुमार साहले बताए ।

शिलान्यासका क्रममा स्थानीय, वडाध्यक्ष रामचन्द्र पञ्जियार, कार्यकारिणी सदस्य फूलकुमारी महतोलगायतको उपस्थिति रहेको थियो ।

# गाँजा खेती फडानी

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरीले पर्साको पटेर्वासुगौलीमा ७ कठ्ठा जग्गामा लगाइएको गाँजा खेती फाँडेको छ । गाउँपालिकाको वडा नम्बर २ र ४ मा लगाइएको गाँजा खेती प्रहरीले शुक्रबार फाँडेको हो ।

बेलवा र भतोरामा अवैध रुपले लगाइएको गाँजा नष्ट पारिएको पटेर्वासुगौलीका इन्स्पेक्टर प्रकाश थापाले बताए ।

प्रहरीले केहि समय अघिदेखि अवैध रुपले लगाइएका गाँजा खेतीहरुलाई फाँडेर नष्ट पार्दै आएको छ ।

# बारामा आलु उत्पादनमा वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा आलुखेतीको व्यापक विस्तारले कृषि उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार, जिल्लाका ७,४४० हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको छ । सिम्रौनगढ, उचिडिह, गोलागञ्ज, अमृतगञ्ज, हरिहरपुर, देवापुर, भगवानपुर, कचोर्वा, र पिप्राडीलगायतका क्षेत्र आलुखेतीका मुख्य केन्द्र बनेका छन् । यद्यपि, जिल्लाका अन्य भागहरूमा पनि आलुखेती फैलिएको छ ।

गत वर्ष किसानहरूले विभिन्न जातका आलु खेती गरी प्रतिहेक्टर औसत १५.९ टन उत्पादन गरेका थिए ।

यसले कुल १,१८,२९६ मेट्रिक टन आलु उत्पादन सुनिश्चित भएको कृषि अर्थविज्ञ गणेश महराले जानकारी दिए ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायण साहले आलु खेती बारा जिल्लाको प्रमुख खेतीमध्ये एक भएको र यसको उत्पादन क्षमता हरेक वर्ष बढ्दै गएको बताए ।

किसानले उत्पादन बढाउन आधुनिक कृषि प्रविधि र गुणस्तरीय बीउ प्रयोग गर्न थालेकोले यो वृद्धिमा सहयोग पुगेको छ ।

# जगदम्बा ट्राभल्सको औपचारिक शुभारम्भ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको बसपार्कमा पोखरा जगदम्बा ट्राभल्सको औपचारिक शुभारम्भ भएको छ ।
वीरगंजदेखि पोखरा र पोखरादेखि काठमाडौँसम्म सञ्चालन हुने ३१ सिट क्षमताको बस सेवाको उद्घाटन वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले गरे ।

कार्यक्रममा वडा अध्यक्ष जगत साह कानु तथा अतिथिहरू सुरेश गुप्ता, अवध कुरवा र विजय पटेलले शुभकामना व्यक्त गर्दै नयाँ बस सेवाको सफलताका लागि शुभेच्छा व्यक्त गरे । नयाँ बस सेवा सञ्चालनसँगै वीरगंज, पोखरा र काठमाडौँबीचको यातायातलाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

# मानवसेवा आश्रमका ५० आश्रितलाई भोजन

**मधेशदृष्टि**
**वीरगंज ।**
शैक्षिक सहिद मुकुन्द प्रसाद खनाल स्मृति प्रतिष्ठान पर्साले स्व. मुकुन्द प्रसाद खनालको १७ औं स्मृति दिवसको अवसरमा वीरगंजस्थित मानवसेवा आश्रमका ५० जना आमाबुवा, बालबालिकाहरुलाई
बिहानको भोजन गराएको छ । शैक्षिक सहिद मुकुन्द प्रसाद खनाल स्मृति प्रतिष्ठानका अध्यक्ष मुना खनालको अध्यक्षतामा एवम् संस्थाका वरिष्ठ सल्लाहकार प्रकाश कुमार उपाध्यायको आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा प्रकाश थारु, मुना मगर, राजेन्द्र कोइराला, लाल बाबु सिंह, प्रभु रौनियार, श्रवण रायमाझी, अभिलास गुप्ता, पवन श्रेष्ठ, सुभास भट्टराई, छवि सिंहको उपस्थिती रहेको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओम प्रकाश खनाललाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो ।

# दुईवटा ट्याक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पर्सागढी नगरपालिका–२ स्थित सिंगाही खोलाबाट अवैध रूपमा गिट्टी र बालुवा (मिक्स) उत्खनन गरेर बग्वाना तर्फ लैजाँदै गरेका दुईवटा ट्याक्टरलाई प्रहरी टोलीले नियन्त्रणमा लिएको छ । ईलाका प्रहरी कार्यालय, पटेर्वा सुगौलिका प्रमुख निरीक्षक प्रकाश थापाको नेतृत्वमा खटिएको गस्ती टोलीले शुक्रबार बिहान उक्त ट्याक्टरहरू नियन्त्रणमा लिएको हो । पक्राउ परेका ट्याक्टरमध्ये ना.५ त.३१२८ नम्बरको बालुवा लोड ट्याक्टर चालक पर्सा पर्सागढी नगरपालिका–३ औराहाका २५ वर्षीय सरोज साह र प्र.–२–०३–००१ त १६८९ नम्बरको बालुवा लोड ट्याक्टर चालक पर्सागढी नगरपालिका–२ बग्वानाका २४ वर्षीय सन्दीप पटेल रहेका छन् । प्रहरीका अनुसार, अवैध उत्खननमा संलग्न ट्याक्टरलाई कानूनी कारवाहीका लागि अस्थायी प्रहरी पोस्ट, मानवामा राखिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ । प्रहरी निरिक्षक थापाले स्थानीय स्रोत साधनको संरक्षणका लागि अवैध गतिविधिहरू रोक्न प्रहरी गस्ती जारी राख्ने बताए ।

# ५६५ जनाको आँखा परीक्षण

**मधेशदृष्टि**
**रौतहट ।**
गौर नगरपालिका स्थित आयोजित एक दिन निःशुल्क आँखा शिविरमा ६५६ जना मानिसले आँखाको परिक्षण गराएका छन् । डाँक फाउण्डेशनको सोहयोग गौर नगरपालिकाको आयोजना तथा नेपाल नेत्र ज्योती संघ गौर आँखा अस्पताल पुरेनवाको प्राविधिक सहयोगमा शुक्रबार एकदिने निःशुल्क शिविर सम्पन्न भएको थियो । गौरका मेयर शम्भु साहको विशेष पहलमा आयोजित एक दिने निःशुल्क आँखाको शिविरमा ३३८ जनालाई निशुल्क चश्मा बितरण गरिएको थियो। परीक्षण गरिएको मध्ये २२७ जनाको आँखामा मोतिबिन्दु देखिएको शिविर संयोजक गौर आँखा अस्पतालका प्रतिनिधि सत्येन्द्र पाण्डेले बताए ।
मोतिबिन्दु भएका विरामीहरुलाई आउँदो आइतबारदेखि पूरेनवा आँखा अस्पतालमा क्रमसः अपरेसन गरिने ईन्चार्ज पाण्डेले बताए । विरामीहरुलाई गौरबाट आँखा अस्पतालसम्म ओहोर दोहोर गर्न अस्पतालको बसले सेवा दिनेछ । निःशुल्क शिविरमा नेत्र अधिकृत शिवकुमार यादव, नेत्रसहायकद्धय सुयोग्य मगर र अफताव आलम दर्जी सहित ९ जना प्राविधिक टोलीले विरामीहरुको आँखाका परिक्षण गरेको थियो । नेत्र ज्योती संघ रौतहटका अध्यक्ष विजय सिंह, गौर आँखा अस्पतालका प्रशासकीय अधिकृत नागेश्वर प्रसाद चौधरी, लेखाअधिकृत पवन न्यौपानेले लगायतको टोलीले शिविरको निरीक्षण गरेको थियो ।

# सडक ढलानको शिलान्यास



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको कटहरिया नगरपालिकाका पूर्व मेयर तथा आजपा नेता सियाराम कुशवाहाद्धारा गुजरा नगरपालिकाको खतवैया गाउँमा सड़क ढलानको शिलान्यास गरिएको छ । आम जनता पार्टी राष्ट्रिय अध्यक्ष प्रभु साहको पहलमा केन्द्रबाट परेको योजनाको पार्टीका उपमहासचिव कुशवाहाले शिलान्यास गरेका हुन् । झण्डै १ करोड़को लागतमा निर्माण हुने उक्त सडकको ढलानको टेण्डर मुना कन्सट्रक्सनले पाएको छ । शिलान्यास कार्यक्रममा आजपा जिल्ला अध्यक्ष नरेश तुरहा वडाध्यक्ष, पूर्ववडाध्यक्ष तथा आजपाका नेता जयलाल मेहता, नवीन चौधरी लगायतको उपस्थिति रहेको थियो ।

# भारतीय ब्रोइलर कुखुरा बरामद गरि नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जीराभवानी गाउँपालिकाबाट प्रहरीले ठूलो परिमाणमा भारतीय ब्रोइलर कुखुरा बरामद गरि नष्ट गरेको छ । ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट प्रहरी निरीक्षक प्रकाश थापाको नेतृत्वमा गएको प्रहरी गस्ती टोलीले ६० वटा १५० किलो ग्राम प्रतिबन्धित भारतीय ब्रोइलर कुखुरा बरामद गरेको हो । जीराभवानी गाउँपालिका वडा नम्बर–१ महादेवपट्टीको ओरिया खोलाको बाटो हुदै भारतबाट अबैध रुपमा ल्याउदै गरेको अवस्थामा कुखुरा बरामद गरेको थियो । बरामद गरिएको ब्रोईलर कुखुरा प्रहरीचौकी महादेवपट्टीमा स्थानीय जनप्रतिनिधि, पशु क्वारेन्टाइनको प्रतिनिधिहरुको रोहवरमा नष्ट गरिएको ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले बताए ।




बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# राष्ट्रपतिद्वारा द्रूतमार्ग अवलोकन



**मधेशदृष्टि**
**बारा ।**
काठमाडौँ– तराई–मधेश द्रुतमार्ग सडक खण्डमा ठूलठूला पुल तयार हुँदैछन् । मकवानपुरको लेनडाँडा तथा धेद्रेमा निर्माणाधीन सुरुङ मार्गसँगैका पुल तयार हुन थालेका हुन् । विभिन्न १३ वटा प्याकेज रहेको काठमाडौँ–तराई–मधेश द्रुतमार्ग सडक आयोजनाको निर्माणाधीन १२ वटा प्याकेजअन्तर्गत ७ वटा सुरुङमध्ये धेद्रे तथा लेनडाँडामा रहेका २ वटा सुरुङ छिचोलिइएको छ ।

महादेवटारस्थित सुरुङ मार्गको निर्माण कार्य ६५ प्रतिशत सम्पन्न भइसकेको नेपाली सेनाले जानकारी दिएको छ । चन्द्रामभिरस्थित सुरुङको निर्माण कार्य शुरु भएको छ । अन्य ३ वटा सुरुङहरूको डिजाइन तथा पूर्व तयारीको कार्य भइरहेको सेनाको भनाइ छ ।

आयोजनामा निर्माण गर्नु पर्ने ८९ पुलमध्ये ८० वटा पुलको निर्माण कार्य भइरहेको छ । बाँकी ५ वटा पुलको निर्माण कार्य सम्पन्न भइसकेको छ । द्रुतमार्ग सडक आयोजनाको हालसम्मको भौतिक प्रगति ३७.६० प्रतिशत र वित्तीय प्रगति ३९.५६ प्रतिशत रहेको सेनाको दाबी छ । राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानसेनापति अशोकराज सिग्देलसहितको टोलीले शुक्रबार निर्माणाधीन द्रुतमार्ग सडक आयोजना अन्तर्गत विभिन्न स्थानको हवाई तथा स्थलगत अवलोकन गरेका छन् ।

# नेता कार्यकर्तालाई बजेट बाँड्न ६ दलको संकल्प प्रस्ताव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उपभोक्ता समितिबाट काम गराउने बाटो खोल्न मधेश सरकारले संकल्प प्रस्तावमार्फत् बजेट वक्तव्य संशोधन प्रक्रिया अघि बढाएको छ । चालु आर्थिक वर्षको बजेट वक्तव्य संशोधन गर्न सत्ता गठबन्धनभित्रको चार र विपक्षी दुई दलले संयुक्तरुपमा संकल्प प्रस्ताव प्रदेशसभामा लगेको हो । सत्तारुढ नेकपा एमाले, नेपाली कांग्रेस, लोसपा र सत्ता बाहिर रहेका एकीकृत समाजवादी र राप्रपासहित ६ दलले संयुक्तरुपमा पुस २९ गते संकल्प प्रस्ताव दर्ता गराएका हुन् ।

लोसपा सांसद रुपा यादव प्रस्तावक रहेको प्रस्तावमा एमालेबाट पल्टी देवी महरा, कांग्रेसबाट अञ्जना पण्डित, जनमतबाट हसिना खातुन, एकीकृत समाजवादीबाट रत्नेश्वर गोइत र राप्रपाबाट कञ्चन विच्छा समर्थक छन् । सभामुखबाट संकल्प प्रस्तावमा सैद्धान्तिक सहमति भएपछि सांसदहरूलाई अध्ययनका लागि वितरण गरिने प्रदेशसभाका सचिवालयले जनाएको छ ।

माघ ६ गते प्रस्ताव सदनमा टेबल गर्ने योजना रहेको मधेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकमार यादवले बताए । चालु आर्थिक वर्षको बजेट वक्तव्यको १४७ नम्बर बुँदामा खुला प्रतिस्पर्धाबाट काम गराउने उल्लेख छ । यो बुँदाले सार्वजनिक खरीद ऐनअनुसार हुने एक करोड रुपैयाँभित्रका योजना उपभोक्ता समितिबाट हुने कामलाई निषेध गरेको छ । उपभोक्ता समितिमार्फत् काम हुँदा विगतमा योजना खरिद बिक्री हुने गरेकाले त्यसलाई निस्तेज गर्न बजेट वक्तव्यमा यस्तो प्रस्ताव राखिएको थियो । तर, यो प्रावधानले चालु आर्थिक वर्षको ६ महिनामा मधेश सरकारको काम नै ठप्प भएपछि प्रश्न उठ्न थालेको छ । शुरुमा यो बुँदा कार्यान्वयन गराउन दृढ देखिएको जनमत नेतृत्वको सरकार पछाडि हटेर उपभोक्ता समितिको लागि बाटो खेल्ने स्थितिमा पुगेको हो । नेता कार्यकर्तालाई उपभोक्ता समितिका नाममा रकम दिने मामलामा सरकारमा भएका र नभएकाहरु सबै एकमत भए पनि जनमत पनि यसमा लतारिएको हो ।

## आज बलिदानी दिवसमा दीप प्रज्ज्वलन हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले बलिदानी दिवसका अवसर पारेर आज शनिबार शहीदहरुको सम्मानमा विभिन्न कार्यक्रम गर्न लागेको छ । माघ ५ गतेलाई मधेश आन्दोलनको बलिदानी दिवसका अवसर पारेर मधेश सरकारले शहीदहरुको परिवारलाई अभिनन्दनका साथै शहीदहरुको सम्झनामा दीप प्रज्वलन गर्ने भएको छ ।

शहीदहरुको बलिदानीकै बलमा नेपाली नागरिकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था पाएको र त्यसको उपभोग गरिरहेकाले शहीदहरुको सम्मानमा शहीद परिवारलाई अभिनन्दन गर्ने कार्यक्रम मधेश सरकारले तय गरेको गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले जानकारी दिए । उनले जनकपुरधामको जानकी मन्दिर प्राङ्गणमा शहीदहरुको सम्मानमा दीप प्रज्ज्वलनसमेत गरिने बताए ।

मन्त्री लेखीले भने, 'शहीदहरुको सम्मानमा जानकी मन्दिरमा १ लाख बढी दीप बाल्ने कार्यक्रम छ ।' मन्त्री लेखीले शहीद परिवारका बालबालिकाको पढाइलेखाइ, रोजगारीको बाटो सिर्जनाका लागि सीपमूलक कार्यक्रमसमेत ल्याउने योजना रहेको बताए । उनले यसका लागि बृहत छलफलका साथै विभिन्न ऐनकानून आवश्यक रहेकाले अन्तरकृया तथा छलफल अगाडि बढाइएको बताए ।

# स्थानीयको घेरामा बरियारपुरका मेयर यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
शुक्रबार बाराको गढीमाई मन्दिर परिसर दिनसम्म तनावग्रस्त रह्यो । महागढीमाई नगरपालिकाका नगर प्रहरीले बरियारपुरका ४÷५ जना युवामाथि कुटपिट गरेको घटनालाई लिएर शुक्रबार स्थानीयले प्रतिकार गरेपछि स्थिति झनै बिग्रिएको हो । गढीमाई मन्दिर परिसरमा बिहीबार नगर प्रहरीले केही किशोरहरुमाथि कुटपिट गरेको आरोप छ । स्थानीयका अनुसार किशोरहरुले मन्दिरमा परेवा समातेको विषयलाई लिएर प्रहरीको आक्रामक व्यवहार देखाएको हो । घटनापछि स्थानीयले शुक्रबार बिहान नगर प्रहरीलाई कुटपिट गर्न खोज्दा स्थिति थप तनावपूर्ण बनेको थियो । घटनाले उग्र रूप लिँदा स्थानीयहरूले गढीमाई मन्दिर परिसरमा रहेको विवाह मण्डपमा महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव र नगर प्रहरीलाई घेराबन्दीमा राखेका थिए ।

**● आक्रमण गर्नेलाई कारवाही गर्न मेयरको माग**

महागढिमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवले घटनामा संलग्नलाई कारवाही गर्न स्थानीय प्रशासनसँग माग गरेका छन् । शुक्रबार बेलुका नगरपालिकाको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख यादवले सो माग गर्नु भएको हो । 'बिहीबार राती मन्दिर परिसरबाट परेवा चोरी गरिरहेका केही युवाहरुलाई मन्दिरको सुरक्षामा खटिएका नगर प्रहरिले नियन्त्रण लिएका थिए ।' मेयर यादवले भने, 'केही युवाहरुलाई उस्काएर स्थानीय नेताहरुले मन्दिरको गरिमामाथि आच पुर्याउन खोजिरहेका छन् ।' 'मंदिरको त्रिशुल टोडफोड भयो, दानपेटिका लुटियो, संरचना भत्काईयो' नगरप्रमुख यादवले भने, 'यो अराजक तत्वहरुको काम हो, यसमा संलग्नहरुलाई कारवाहीको माग गर्दछु ।' नगरप्रमुख यादवले घटनामा सम्मिलित व्यक्तिहरुको सिसिटिभी क्यामेरा मार्फत पहिचान भईसकेकाले उनस्हरुमाथि तत्काल कारवाही गर्न माग गरे ।

# वीरगंजमा यु–१८ चेस प्रतियोगिता शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
दोस्रो राष्ट्रिय स्तर मुनलाइट इन्टर स्कूल यू–१८ चेस प्रतियोगिता वीरगंजमा शुरु भएको छ । शुक्रबार प्रतियोगिता उद्घाटन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बुद्धिचालले विद्यार्थीको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउने बताउँदै बुद्धिचाललाई अघि बढाउन आफूले सक्दो सहयोग गर्ने बताए । कार्यक्रममा वडा नम्बर ५ का वडध्यक्ष प्रदिप चौरसिया, वडा नम्बर २० का वडाध्यक्ष राम किशोर सिंह, डा.निरज सिंह, प्याब्सनका मधेश प्रदेश उपाध्यक्ष श्याम केसी, पर्सा जिल्ला अध्यक्ष सरोज चौधरी लगायतकाको उपस्थिति रहेको थियो । प्रतियोगिताले आगामी पुस्ताका खेलाडीहरूको पहिचान र विकासमा योगदान पु¥याउने अपेक्षा गरिएको छ । प्रतियोगितामा काठमाडौँ, बुटवल, पोखरा, नेपालगञ्ज, वीरगंज र मधेश प्रदेशका अन्य जिल्लाका विद्यार्थीहरु सहभागी रहेको आयोजक समितिका निर्देशक सुलभ केसीले जानकारी दिए ।

# मुखियापट्टीमा सुरक्षित आवास परियोजना सञ्चालन गर्न सम्झौता



**सुनिल कुमार साह**
**जनकपुरधाम ।**
धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका, ह्याविट्याट फर ह्युम्यानिटी नेपाल र रतौली युवा क्लबबीच सुरक्षित आवास परियोजना अन्तर्गत गाउँपालिका अध्यक्ष आवास परियोजना सञ्चालन गर्ने सम्बन्धमा त्रिपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ ।

सम्झौताअनुसार मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं. २ का भूमिहीन दलित, जनजाति र अतिविपन्न परिवारहरूका लागि सुरक्षित भूमि र आवास निर्माण गरिनेछ । यस परियोजनामा ३० परिवारलाई आवासको सुविधा उपलब्ध गराइने छ । सम्झौतामा उल्लेखित शर्तअनुसार गाउँपालिकाले भूमिहीन सुकुम्बासी परिवारलाई र घरधनीको जग्गामा आवश्यक पूर्वाधार जस्तै बाटो, बिजुली, खानेपानी र शौचालय सहितको सुरक्षित र व्यवस्थित आवास निर्माण गर्ने व्यवस्था गर्नेछ । सम्झौताले २०८१ माघ ३ गतेबाट लागू भई २०८२ असार १६ गतेसम्म काम पूरा गर्ने लक्ष्य राखेको छ । यस परियोजना मार्फत सामाजिक र आर्थिक दृष्टिले पछाडि परेका समुदायहरूको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

# मन्दार महोत्सवमा मोनी झा बनिन् उत्कृष्ट

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जगत जननी जानकीको जन्मस्थल सीतामढीकी छोरी मोनी झाले नयाँ वर्षमा आफ्नो कार्यक्रमको शुरुआत पर्यटन मन्त्रालय, बिहार सरकार र बिहार सरकारको संयुक्त आयोजनामा आयोजना भएको तीनदिने 'मन्दार महोत्सव–२०२५' मार्फत गरिन् । महोत्सवमा उत्कृष्ट प्रस्तुति दिएपछ उनलाई जिल्ला प्रशासन, बाँकाबाट सम्मानित गरिएको छ । महोत्सवको अन्तिम दिन बिहीबार उनले आफ्नो उत्कृष्ट प्रस्तुतिले दर्शकलाई मोहित पारेकी थिइन् । उनको टोलीले 'हम गुड्री पहार रही लेबाइ' र 'नइहर के दुलारी हे बडा सुकुमार हे पिया' जस्ता लोकगीतहरु गाएर कार्यक्रमलाई रमाइलो बनाएका थिए । कार्यक्रमको अन्त्यमा बाँका का अपर कलेक्टर मनोज कुमारले जिल्ला प्रशासनले प्रायोजन गरेको 'मन्दर पर्वत' स्मृति चिन्ह प्रदान गरी सम्मान गरेका थिए ।

# मारवाडी महिला मञ्चको अध्यक्षमा अग्रवाल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मारवाड़ी सेवा समिति जनकपुरधाम अन्तर्गत मारवाड़ी महिला मंचले नयाँ नेतृत्व चयन गरेको छ । बिहीबार जनकपुरधाममा सम्पन्न जिल्ला अधिवेशनबाट शारदा देवी अग्रवालको नेतृत्वमा १२ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

मञ्चको उपाध्यक्षमा रंजु रुङटा, महासचिवमा रितु अग्रवाल, सचिवमा स्तुति सर्राफ, कोषाध्यक्षमा नाजुक अग्रवाल जैन रहेकी छन् भने सदस्यहरुमा सिमरन झुन्झुन्बाला, दिपा चौधरी अग्रवाल लगायत रहेका छन् ।

# नयाँ नम्बरबाट फोन र नयाँ 'आइडी'बाट मेल आयो ?

**काठमाडौँ ।**
तपाईंलाई कुनै नयाँ नम्बरबाट फोन आउने गरेको छ ? वा कुनै नयाँ इमेल आइडीबाट प्रलोभन दिने खालका सन्देश आइरहेका छन् ? यदि आइरहेका छ भने सावधान ! त्यस्ता इमेल वा नम्बरबाट आएका सन्देश तथा कुराकानीमा विश्वास नगर्नुहोला । त्यसले तपाईंलाई घरबारविहीनसमेत बनाउनसक्छ । नेपाल प्रहरी, साइबर ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक दीपकराज अवस्थी त्यसरी आएको फोन उठाउन र त्यस्ता इमेलको विश्वास नगर्न तथा प्रतिक्रिया नदिन आग्रह गर्छन् ।

त्यसरी अपरिचित व्यक्तिले भनेका तथा अपरिचित इमेलबाट आएका सन्देशको भर पर्दा र प्रतिक्रिया जनाउँदा मानिसहरू ठगिएकाले यसतर्फ विशेष सावधानी अपनाउन उनले आग्रह गरेका छन् ।

प्रहरी उपरीक्षक अवस्थीले पछिल्लो समय साइबर ब्यूरोलगायत नेपाल प्रहरीका विशिष्टीकृत कार्यालयहरू र नेपाल प्रहरीकै उच्च अधिकारीहरूको नाम तथा दर्जा प्रयोग गरी विभिन्न व्यक्तिहरूलाई चेतावनीयुक्त इमेलहरू प्राप्त भएको जस्ता गुनासा नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा प्राप्त भएकाले यसतर्फ ब्यूरोको समेत गम्भीर ध्यानाकर्षण भएको बताए ।

उनले भने, 'नेपाल प्रहरी साइबर ब्यूरोलगायत अन्य प्रहरी कार्यालयहरूबाट पठाइएको भनिएका यस्ता इमेलहरू नक्कली भएकाले यस प्रकृतिका मेलहरूको विश्वास नगर्न साथै कुनै प्रतिक्रिया नदिन सम्पूर्ण महानुभावहरूमा विनम्र अनुरोध छ ।' रासस




शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पिपरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन